विष्णु गाउँपालिका
Bishnu Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
सिमरा, सर्लाही
Simara Sarlahi
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

प.सं. २०७८/०७९
च.नं.:- ८४८

मिति: २०७८/१०/०२

विषय :- गाउँ शिक्षा योजना पेश भएको सम्बन्धमा ।

**श्री शिक्षा विकास तथा समन्वय इकाइ (EDCU),**
**मलंगवा, सर्लाही ।**

प्रस्तुत विषयमा विष्णु गाउँपालिकाको आ.व. २०७८/०७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँशिक्षा योजना निर्माण गर्नको लागि रु. ५०,०००।- (पचास हजार) विनियोजन भए बमोजिम गाउँशिक्षा योजना तयार भई गाउँ शिक्षा समितिको मिति २०७८/०९/२८ को निर्णयानुसार समितिबाट उक्त गाउँ शिक्षा योजना पारित गरि गाउँ कार्यपालिकाबाट स्वीकृतीका लागि निर्णयार्थ पेश गर्ने निर्णय भएको व्याहोरा जानकारी गराईन्छ ।


२०७८/१०/०२

०७८/१०/०२
संजिब सापकोटा
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
EGRP-II, सर्लाही ।

# शिक्षा क्षेत्रको योजना, २०७८-२०८७

# Education Sector Plan, 2021-2030




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074


**प्रकाशक**

**विष्णु गाउँपालिका**

**सर्लाही**

**२०७८ मङ्सिर**

**तयारकर्ता**

**गाँउपालिका शिक्षा योजना निर्माणको कार्यदलका सदस्यहरु :**

| | |
|---|---|
| श्री संजिव सापकोटा, नि.प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| श्री रत्न कुमारी घिसिङ्, अधिकृत छैठौँ | सदस्य |
| श्री दुर्गा प्रसाद आचार्य, शिक्षा शाखा प्रमुख | सदस्य |
| श्री सरोज ठाकुर, लेखापाल | सदस्य |
| श्री महादेव झा, प्रधानाध्यापक, जनता तेजनारायण दायवती मा.वि. | सदस्य |

**शिक्षा योजना लेखन समिति**

श्री संजिव सापकोटा, नि.प्रमुख प्रशासकीय अधिकृत

श्री रत्न कुमारी घिसिङ्, अधिकृत छैठौँ

श्री दुर्गा प्रसाद आचार्य, शिक्षा शाखा प्रमुख

**विशेष प्राविधिक सहयोगी**

श्री नरेन्द्र कुमार राम, कम्प्युटर अपरेटर, विज्ञ /प्राविधिक सहयोग

श्री सनम सुबेदी, सुचना प्रविधि अधिकृत


| | |
|---|---|
| प्रकाशक | विष्णु गाउँपालिका |
| प्रकाशन प्रति | |
| सर्वाधिकार | प्रकाशकमा |
| मुद्रण | |
| प्रमाणित मिति | २०७८ पौष |
| प्रकाशन मिति | २०७८ माघ |
| अद्यावधिक | |

प्राविधिक सहयोग

# दुई शब्द

देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो विष्णु सुम्पन गाउँपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ । विष्णु गाउँपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना (२०२१–२०३०) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ ।

शिक्षा क्षेत्रको योजना यस गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको १० बर्षे मार्गदर्शन हो । यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा गाउँपालिकाले राखेको छ । यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति, प्रारम्भिक कक्षा पढाई कार्यक्रम र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु ।

...............

जवाहर लाल यादव

अध्यक्ष

विष्णु गाउँपालिका

# प्राक्कथन

शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवालाहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

विष्णु गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ । शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नु हुने विष्णु गाउँपालिका तथा प्राविधिक सहयोगको रुपमा सहयोग गर्ने शिक्षा बिकाश तथा समन्वय इकाइ र प्रारम्भिक कक्षा पढाई कार्यक्रम विष्णु प्रति धन्यवाद व्यक्त गर्दछौ ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह-सुझाव प्रदान गरी सहयोग पुऱ्याउने गाउँपालिका परिवार, नगर शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ ।

..............................

दुर्गा प्रसाद आचार्य

शिक्षा शाखा प्रमुख

शिक्षा, युवा तथा खेलकुद शाखा

विष्णु गाउँपालिका

# विषय सूची


परिच्छेद एकः परिचय........................................................................................1

१.१ पृष्ठभूमि........................................................................................1

१.२ विष्णु गाउँपालिकाको समग्र सन्दर्भ र परिचय........................................................2

१.३ बिष्णु गाउँ पालिकाको शैक्षिक सन्दर्भ/अवस्था........................................................6

१.४ विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौतीहरु ........................................................8

१.५ विद्यालय शिक्षा क्षेत्रका अवसरहरु ........................................................8

१.६ योजना निर्माण प्रक्रिया ........................................................8

परिच्छेद दुईः नयाँ शिक्षा क्षेत्र योजना........................................................9

२.१ सन्दर्भ र औचित्य : ........................................................9

२.२ राष्ट्रिय दीर्घकालिन सोच ........................................................10

२.३ प्रदेशको दीर्घकालिन सोच........................................................10

२.४ गाउँपालिकाको दूरदृष्टि (Vision) :........................................................10

२.५ ध्येय (Mission):........................................................10

२.६ उद्देश्य :........................................................11

२.७ रणनीतिहरु :........................................................11

२.८ अपेक्षित मुख्य उपलब्धि :........................................................12

२.९ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य........................................................12

२.१० शिक्षा क्षेत्रको योजनामा परिवर्तनको सिद्धान्त ........................................................14

परिच्छेद तीनः विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु........................................................16

३.१ परिचय:........................................................16

३.२ बालविकास र शिक्षा........................................................16

३.३ आधारभूत शिक्षा........................................................21

३.३ माध्यमिक शिक्षा ........................................................26

३.५ उच्च शिक्षा........................................................30

३.६ पाठ्यक्रम तथा मूल्याङ्कन........................................................33

३.७ शिक्षक व्यवस्थापन र विकास ........................................................37

३.८ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ........................................................43

परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू........................................................46

४.१ परिचय ........................................ 46
४.२ शैक्षिक समता र समावेशीकरण ........................................ 46
४.३ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम ........................................ 49
४.४ छात्रवृत्ति ........................................ 52
४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा ........................................ 55
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........................................ 58
४.७ शिक्षामा सूचना र प्रविधि ........................................ 61
परिच्छेद पाचः सुशासन तथा व्यवस्थापन ........................................ 64
५.१ परिचय ........................................ 64
५.२ संस्थागत संरचना र क्षमता विकास ........................................ 64
५.३ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध ........................................ 68
५.४ अनुगमन तथा मूल्याङ्कन ........................................ 70
परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन ........................................ 73
६.१ परिचय ........................................ 73
६.२ वर्तमान अवस्था ........................................ 73
६.३ उद्देश्य ........................................ 75
६.४ रणनीतिहरू ........................................ 75
६.५ स्रोतको अनुमान र विश्लेषण ........................................ 76
६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान ........................................ 77
परिच्छेद ७ : योजनाको नतिजा खाका ........................................ 79
७.१ परिचय ........................................ 79
७.२ योजनाको समग्र नतिजा खाका ........................................ 79
७.३ प्रमुख कार्य सम्पादन सूचकहरु (Key Performance Indicators-KPIs) ........................................ 82
७.४ कार्यक्रम नतिजा खाका (Program Result Framework-PRF) ........................................ 84
अनुसूची ७ शैक्षिक गुणस्तर सुधार घोषणापत्र - २०७८ मा उल्लेख भएका १०८ बुँदाहरु ........................................ 89
सन्दर्भ सामग्रीहरु ........................................ 93

तालिकाहरुको सूची

तालिका १.१ मध्यकालीन खर्च संरचना प्रक्षेपण (सन् २०२०-२०२३) ........................................ 4
तालिका १.२ उमेर समूहमा जनसंख्याको वितरण ........................................ 4
तालिका १.३ जातीयताको आधारमा जनसंख्याको वितरण ........................................ 5
तालिका १.४ मातृभाषाको आधारमा जनसंख्याको वितरण ........................................ 6
तालिका २.१ मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य ........................................ 12
तालिका ३.१ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........................................ 20

तालिका ३.२ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 25
तालिका ३.३ माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 29
तालिका ३.४ उच्च शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 32
तालिका ३.५ पाठ्यक्रम तथा मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 36
तालिका ३.६ शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 42
तालिका ३.७ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 45
तालिका ४.१ शैक्षिक समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य........ 48
तालिका ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य........ 51
तालिका ४.३ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य........ 54
तालिका ४.४ परिस्थितिजन्य शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 57
तालिका ४.५ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य........ 60
तालिका ४.६ शिक्षामा सूचना र प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ 63
तालिका ५.१ संस्थागत संरचनाका लागि प्रमुख क्रियाकलाप र लक्ष्य........ 67
तालिका ५.२ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलाप र लक्ष्य ........ 72
तालिका ६.१ विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप (बजेट रु करोडमा) ........ 74
तालिका ६.३ नेपालमा प्रति विद्यार्थी लगानीको तुलनात्मक अवस्था ........ 74
तालिका ६.६ कुल गार्हस्थ उत्पादनका आधारमा स्रोतको आँकलन ........ 76
तालिका ६.७ विद्यालय क्षेत्रअन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट........ 77
तालिका ६.८ योजनाको लागि अपुग स्रोतको वार्षिक विवरण........ 78
तालिका ६.९ योजनाका लागि अपुग स्रोतका लागि अपेक्षित सहायताको अनुमान........ 78

# परिच्छेद एक: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिको आकाङ्क्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगार मूलक एवम् जनमुखि बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवंम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य वनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधार भूत शिक्षाको पहुँचको लागि सो तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनि मौलिक हकको व्यवस्था गरिएको छ।

संविधानको अनुसुची ८ ले स्थानीय तहको अधिकार सूचिको क्रम संख्या (८) मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा आधिकार गाउँपालिका तथा गाउँ पालिकालाई प्रदान गरेको शिक्षाको सन्दर्भमा संविधान र कानुनले अङ्गिकार गरेको व्यवहारलाई आत्मसात गर्दै ***"गुणस्तरीय सीपयुक्त शिक्षा" विष्णु गाउँपालिकाको अपेक्षा"***को माध्यमबाट "सुखी विष्णुवासी र समृद्ध विष्णु" को परिकल्पनालाई साकार पार्न शैक्षिक पहुँच र व्यवस्थालाई अग्रस्थानमा राख्न जरूरी देखिएको छ।

सन १९७० देखि राष्ट्रियस्तरमा तयार गरिएको योजनाले स्थानीय तहका सवै आवश्यकता परिपूर्ति गर्न कठिनाई भै रहेको अवस्थामा वि.सं. २०५७ सालदेखि शिक्षालाई बिकेन्द्रीत योजनाको रूपमा निमार्ण गर्न शुरूवात गरेसंगै स्थानीय तहमा गाउँ शिक्षा योजना, गाउँ शिक्षा योजना, जिल्ला शिक्षा योजनाको माध्यमद्वारा स्थानीय जनसमुदाय र सरोकारवाला पक्षको संलग्नतामा जिल्ला शिक्षा योजना, गाउँ तथा गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयनको जमर्को गरेको देखिन्छ। यस सन्दर्भमा सर्लाही जिल्लाको विष्णु गाउँपालिकाले पनि गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना, विद्यालय शिक्षाको संर चना, शिक्षाको गुणस्तर, कार्यान्वयन तथा कार्यसम्पादनको जिम्मेवारी जस्ता विषयमा सुधारका रणनीतिहरू मार्फत् विद्यालय बाहिर रहेको बालबालिकाहरूलाई निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमवाट शिक्षाको गुणस्तरीय पहुँच पुऱ्याउन, सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै बालबालिकालाई सिकाईका सबै अवसरहरू प्रत्याभूति दिनका लागि यो गाउँ शिक्षा योजना निर्माण गर्ने पहिलो प्रयास गरिएको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतिहरूलाई सामना गर्दै विकसित भइरहेको नयाँ–नयाँ प्रविधि र ज्ञानविज्ञानको क्षेत्रलाई समेट्दै सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरूको समेत मैलिक आधिकारको संरक्षण गर्दै उनीहरूलाई सहज सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्न कै लागि २०७८ देखि २०८९ सम्मको दशवर्षीय शिक्षा योजना सरोकारवाला पक्षको सहभागीतामा तयार पारिएको छ। गाउँपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतिहरूलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त यस गाउँपालिका सम्बद्ध जनप्रतिनिधि, वडा शिक्षा समिति, विद्यालयहरू, प्राविधिक तथा सीपमूलक शिक्षण संस्थाहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अन्य सम्वद्ध शैक्षिक संस्थाहरूको अन्तरक्रिया, छलफल सम्पन्न गरी योजनाको निर्माणमा प्राथमिकता प्रदान गरिएको छ। पहिलो अनुभवमा नै योजना निमार्ण गर्नु जटिल एवं चुनौतीपूर्ण कार्य भएको छ तापनि यो योजना निर्माणमा योजना निर्माण कार्यदलको काम अत्यन्तै प्रंशसनीय रहेको छ। यस कार्यमा निरन्तर तथा अहोरात्र खटिनु भएका शिक्षा योजना निर्माण

कार्यदलका संयोजक एवं विष्णु गाउँपालिकाका तत्कालीन शिक्षा शाखा प्रमुख साथै कर्मचारी साथीहरूलाई धन्यवाद दिन चाहन्छु। यसका साथै यस कार्यमा सहयोग गर्नुहुने उप–प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सामाजिक विकास समितिका संयोजकज्यू, सबै वडाका वडा अध्यक्ष लगायत जनप्रतिनिधिज्यूहरू लगायत सम्पूर्ण सरोकारवाहरूलाई स्मरण गर्न चाहन्छु। यस योजना कार्यान्वयनमा शिक्षाको गुणस्तरलाई उच्च प्राथमिकता दिँदै अनुगमन, मूल्याङ्कन र सक्षम व्यवस्थापनद्वारा यसको लक्ष्य र उद्देश्यहरू पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

## १.२ विष्णु गाउँपालिकाको समग्र सन्दर्भ र परिचय

२ नं. प्रदेश, सर्लाही जिल्ला विष्णु गाउँपालिकाको द्रुततर शिक्षाको उन्नति र विकासको लागि तयार पारिएको प्रस्तुत गाउँपालिका शिक्षा योजनाले मुलुकमा भएको राजनैतिक परिवर्तन पछि नेपालको संविधानमा शिक्षाको सन्दर्भमा बोलिएको तथा लेखिएको अनिवार्य तथा निःशुल्क शिक्षाको मूल मर्मलाई समेट्ने प्रयास गरिएको छ।

नेपालको संविधान, संघीय शिक्षा ऐन, गाउँपालिका शिक्षा ऐन एवं केन्द्रियस्तरमा भएका आयोगहरूका प्रतिवेदन र गाउँपालिका गुरूयोजनालाई समेत आधार लिइएको छ। बदलिंदो परिवर्तन तथा परिस्थितिलाई मध्य नजर गर्दै शिक्षामा समयानुकूल परिवर्तन गर्न जरूरी छ भनि विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू ल्याइएका छन्। गाउँपालिका शिक्षाको सन्दर्भमा प्रारम्भिक बालविकास कार्यक्रम, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा प्राविधिक तथा व्यवसायिक र अनौपचारिक शिक्षालाई जिवनपर्यन्त एवं सीपमूलक तथा प्रविधिमैत्री बनाउने गरी यो जना तय गरिएको छ।

सबैका लागि शिक्षा कार्यक्रमको पहिलो कम्पोनेन्टमा प्रारम्भिक बालविकास कार्यक्रम सामुदायिक विद्यालयहरूबाट र समुदायमा आधारित बालविकास केन्द्रका सहयोगी कार्यकर्ताबाट समेत प्रारम्भिक बाल शिक्षा दिने कार्य भएको छ। सो वाहेक ४ वर्ष मुनिका बालबालिकाहरूलाई पनि संस्थागत विद्यालयहरूले प्रि नर्सरी, नर्सरी, एल.के.जी. र यु.के.जी. समेतका कक्षाहरू सञ्चालन गरी मन्टेश्वरी तथा तालिम प्राप्त शिक्षक ताथ सहयोगी कार्यकर्ता बाल शिक्षकहरूबाट समेत बालविकास केन्द्र सञ्चालन गरी बालबालिकाहरूलाई कक्षा एकमा भर्ना गर्न गराउन सकेमा शिक्षाको जग अझ बलियो हुनेछ।

निःशुल्क तथा अनिवार्य गरिएको आधारभूत शिक्षालाई अझ बढी व्यवस्थित गरी तथ्य र तथ्याङ्कको आधारमा १० वर्षभित्र सवै उमेरका वालवालिकालाई आधारभूत शिक्षाको पहुँचमा वृद्धि गरी गुणस्तरीयताको प्रतिष्पर्धामा लैजान सक्ने गरी मैत्रीपूर्ण बालसिकाई, विषयगत शिक्षकको व्यवस्थापन, परीक्षा तथा मूल्याङ् कनमा सुधार गर्ने कार्यक्रमहरू तय गरिएका छन्। आधारभूत तहको अन्त्यमा लिइने परीक्षाको स्तरलाई सामुदायिक तथा संस्थागत विद्यालयको मूल्याङ्कन समानस्तरमा लैजाने प्रयास गरिएको छ। हाल रहेको प्राविधिकधारलाई समेत भएसम्म व्यवसायमूलक वनाई सीपयुक्त शिक्षाको व्यवस्थापन गरी निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्न सक्ने तथा रोजगारीका अवसरहरूमा समायोजन हुने गरी शैक्षिक सुधारका कार्यक्रमहरू समावेस गरिएका छन्, आधारभूत विद्यालयको स्तरोन्नती गरी आवश्यकता अनुरूप साधारण, प्राविधिक, व्यवसायिक र सिपमूलक शिक्षा दिन सक्ने सूचना र प्रविधिको समेत विकास गर्ने कार्यक्रम यो जनाले समेट्न खोजेको छ।
माध्यमिक शिक्षाको हकमा माथिल्लो कक्षाहरूमा शिक्षक विद्यार्थी अनुपात अत्यधिक रहेको कारण गुणस्तरमा देखिएको न्यूनता कम गर्न दरवन्दी मिलान तथा व्यवस्थापन गर्ने कार्यक्रम समावेस गरिएको छ। धार्मिक विद्यालयहरूमा गुरूकुल शिक्षा र मदरसाहरूलाई स्थानीय रूपमा आधारभूत शिक्षा प्रदान गर्न सहज बाटो अपनाइने गरी गाउँपालिकाको पर्यटन तथा शहरीकरण विकासको लागि स्थानीय पाठ्क्रमको निर्माण गरी लागू गरिने छ।

प्रत्यक्ष रूपमा विद्यालय शिक्षामा पहुँच नपुगेका र विभिन्न कारणले विद्यालयमा नियमित अध्ययन गर्न नसक्ने तथा रोजगारीको अवसर प्राप्त गाउँपालिकोका वालवालिका, युवा तथा प्रौढ एवं जेष्ठ नागरिक, महिला तथा पुरूषलाई, व्यवसायिक, सिपयुक्त र प्राविधिक शिक्षाको माध्यमबाट पहुँच पुऱ्याउनको लागि खुला विद्यालय, महिला विद्यालय, रात्री विद्यालय सञ्चालन एवं व्यवस्थापनमा चुस्त तरिकाले गरिने योजनाले सुनिश्चित गरेको छ । विद्यालयको पूर्वाधार विकासका लागि जग्गा र भवनलाई अझ व्यवस्थापन गरी कक्षाकोठा सुधार, उपयुक्त फर्निचर, स्वच्छ खानेपानी, वाल, अपाङ्ग र महिला मैत्री शौचालय, खेल मैदान, कम्पाउण्ड वाल, फूलवारी, पुस्तकालय, वाचनालय, खाजाघर, कम्प्यूटर तथा आइ.सि.टि. कक्ष, स्मार्टबोर्डको समेत प्रयोग गरी पठनपाठनको व्यवस्थापन गर्नमा जोड दिइने छ ।

गाउँपालिकाको कूल जनसंख्याको १३.२८ प्रतिशत जनसंख्या प्रौढ तथा जेष्ठ नागरिकको अवस्थाबाट गुज्रिरहेको छ तापनि धेरैजसो शिक्षाको पहुँचबाट टाढा रहेकोले पनि त्यस्ता जनतालाई परम्परागत साक्षर ताका कक्षाभन्दा पनि व्यवसायिक तथा सिपमूलक र आयमूलक शिक्षासंगै अनौपचारिक शिक्षा सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रलाई बढी व्यवस्थित र जिम्मेवारी बनाउन योजनाले तय गरेको छ । यसको साथै अपाङ्ग क्षेत्रका वालवालिका लगायत प्रौढहरूलाइ विशेष व्यवस्था गरी एकिकृत शिक्षा तथा सिपयुक्त अपाङ्ग मैत्री शिक्षा दिन समावेशी तथा समाहित शिक्षाको अवधारणालाई अगाडि सारिएको छ । यसरी योजनाको समग्र लक्ष र उद्देश्य प्राप्तिका लागि योजनामा खर्च हुने लागतहरू नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सर कार तथा गैरसरकारी संघसंस्था र समस्त अभिभावक तथा सरोकारवालापक्षको योगदानमा आधारित रहेर सम्पन्न गर्ने कार्यक्रम रहेको छ ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक अवस्था

विष्णु गाउँपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन् । मधेशी समुदायको मुख्य वसोबास रहेको यस क्षेत्रमा ३५ किसिमका जातजातिहरुको बसोबास रहेको छ । जसमा यादव, कोइरी, तेली, चमार, कल्वार, कुम्हार, धोबी, खत्वे, दुसाध, नुनिया र ब्राह्मण/क्षेत्री लगायतका जातजातिको बाक्लो उपस्थिति रहेको छ । साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको २०.५३ प्रतिशत कम रहेको छ, साथै जातीयताका आधारमा हेर्दा मधेशी, दलित, जनजाति, ब्राह्मण/क्षेत्री र मुस्लिमको क्रमशः ६१.१४, २४.०६, १.४१, १०.२० र ३.१८ प्रतिशत रहेका छन् । यो स्थानीय तहमा हिन्दू, इस्लाम, क्रिश्चियन र सिख धर्मावलम्बीहरु बसोबास गर्छन्, जसमध्ये हिन्दु धर्मावलम्बीहरु करिब ९०% भन्दा बढी रहेको र दशैं, तिहार, छठ, होली, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, क्रिसमस जस्ता चाडपर्वहरु मान्ने गर्दछन् । यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ । अनेकताबीच एकता कायम भएको छ । त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ ।

### १.२.२ आर्थिक अवस्था

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुऱ्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन विष्णु गाउँपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ । यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यवसायिक खेती, व्यापार, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ । यसका अलावा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ

भने महामारीको रुपमा फैलिएको कोभिड-१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ। यस मध्यकालीन खर्च संरचनामा प्रक्षेपण गरिए अनुसार आगामी तीन वर्षको वृद्धिदर तथा राष्ट्रिय कूल ग्राहस्थ उत्पादनको प्रक्षेपण तालिकामा प्रस्तुत गरीएको छ :

*तालिका १.१ मध्यकालीन खर्च संरचना प्रक्षेपण (सन् २०२०-२०२३)*

| आर्थिक परिसूचक | २०१९/२० | २०२०/२१ | २०२१/२२ | २०२२/२३ |
|---|---|---|---|---|
| कूल गार्हस्थ उत्पादन रु. | | | | |
| आर्थिक वृद्धिदर (प्रतिशत) | | | | |
| मूल्य वृद्धि (प्रतिशत) | | | | |
| प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन रु. | | | | |
| प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादनमा वृद्धि ( प्रतिशत ) | | | | |

### १.२.३ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरुप

सर्लाही जिल्लाको २० स्थानीय तह मध्ये विष्णु गाउँपालिका मध्यमाञ्चल विकास क्षेत्रमा अवस्थीत दक्षिणको सिमावर्ती गाउँपालिका हो। यसको पूर्वमा कौडेना गाउँपालिका, उत्तरमा कौडेना गाउँपालिका र गोडैता गाउँपालिका, दक्षिणमा भारतीय सीमा र पश्चिममा गोडैता गाउँपालिकासँग सिमा छुट्याएको छ। पूर्व सिमामा लखनदेई खोला रहेको छ भने पश्चिममा पुरानो लखनदेई खोलाको छारनपैनी रहेको छ। यस गाउँपालिकामा भगवान विष्णुको मन्दिर रहेकोले भगवान विष्णुको नामवाट विष्णु गाउँपालिका नाम रहन गएको हो। स्थानीय तह गठनको क्रममा २ नं. प्रदेश, सर्लाही जिल्ला अन्तर्गतका साविक गाउँ विकास समितिहरु सिमरा, बत्रौल, मधुवनगोठ र वाराउद्योरण मिसिएर विष्णु गाउँपालिका स्थापना भएको हो। कुल ८ वटा वडा रहेको यस गाउँपालिकाको १,२,५ र ६ नं. वडाहरु भारतीय सिमासँग जोडिएको छ।

पूर्व पश्चिम हुलाकी राजमार्गवाट लगभग ३ कि.मि. दक्षिणमा रहेको यस विष्णु गाउँपालिकालाई विकाशको गतिले भर्खर छुन थालेको छ। यहाँका अधिकाशं जनसंख्या कृषि तथा पशुपालन पेशामा आबद्ध रहेको पाईन्छ भने युवाहरु रोजगारका लागि विदेश पलायन भएको अवस्था छ। केही व्यक्तिहरुले आधुनिक ढंगले माछापालन र होटल व्यवसायमा संलग्न रहनु बाहेक हालपनि परम्परागत खेती तथा पशुपालनमै बढी आबद्धता देखिन्छ। यहाँको वस्तु स्थिती बारे उल्लेख गर्दै गर्दा यहाँ विकाशको सम्भावना नभएका भने होईन। विष्णु गाउँपालिका विशेष पहिचान बोकेको गाउँपालिका हो। छेउमै चुरे क्षेत्रवाट निस्केको लखनदेई खोलाको किनारमा केरा वगान, आप वगान जस्ता वगैचाहरु लगाउन् सक्ने सम्भावना रहेको छ। यस गाउँपालिकको हरेक ठाउँमा विधुत तार पुगिसकेकोले यहाँ विधुतीय सिचाईलाई प्राथमिकता दिई विदेशीने युवाहरुलाई देश मै स्वरोजगारको रुपमा आधुनिक कृषि खेतीको विस्तार गर्न नसक्ने पनि होईन। यस गाउँपालिका अन्तगत वडा नं. ६ मा रहेको भगवती स्थान र मिरजावा वावा क्षेत्रलाई व्यवस्थापन गरी पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिन्छ। यस्तै यस गाउँपालिकि भित्र वडा नं. ४ मा रहको विश्वनाथ वावा को मन्दिरमा प्रत्येक वर्ष श्रीपंचमीको दिन श्रधालु भक्त जन हरुले विहानै स्नान गरी जल चढाउन हजारौंको संख्यामा जम्मा भई मेला हेर्ने गर्दछ। पर्यटकीय क्षेत्रमा आएको नयाँ अवधारणा होमस्टेको विषयमा अहिलेपनि यहाँको समुदाय अनभिज्ञ जस्तै देखिन्छ। पर्याप्त मात्रामा खाली जग्गा तथा मशिना सिपेजहरु रहेको यस स्थानमा विकाशका नयाँ नयाँ

सम्भावनाहरु पर्याप्त छन् । यस्ता विषयमा यस स्थानीय तहले योजना तथा कार्यक्रम ल्याउन सकियो भने यसबाट विष्णु गाउँपालिकाको आर्थिक तथा पूर्वाधार विकाशमा टेवा पुग्नुको साथै दैनिक विदेशिने यहाँका युवाहरुले गाउँमै रोजगारीको अवसर समेत प्राप्त गर्ने देखिन्छ । लामो समय जनप्रतिनिधि विहिन रहेका स्थानीय तहमा जनप्रतिनिधि बहालीका लागी भएको ऐतिहासिक स्थानीय तह निर्वाचन २०७४ को दोस्रो चरणमा यस गाउँपालिकामा जनप्रतिनिधि चयन भएका हुन् । संघीयता सहितको संविधानले संवैधानिक रुपमै तीन तहको सरकार : संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार उल्लेख गरेबाट स्थानीय तहको जिम्मेवारीलाई स्पष्ट गर्दछ । संविधान बमोजिम अधिकार तथा जिम्मेवारी पाएको स्थानीय तहसँग जनताको ठुलो अपेक्षा रहनु स्वभाविक हो । संविधानकै माध्यमबाट सशक्त बनाईएका स्थानीय तहमा निर्वाचित भएका जनप्रतिनिधिमा विकाशको Vision , दीर्घकालिन सोच र योजना तथा कार्यक्रम सम्बन्धी नविनतम जानकारीले सम्बन्धित स्थानीय तहको भाग्य निर्धारण गर्दछ । यस गाउँपालिकाको क्षेत्रफल २८.१२ बर्ग किमि र जनसंख्याः २४७४८ (महिलाः ११८८७, पुरूषः १२८६१) छ ।

*तालिका १.२ उमेर समूहमा जनसंख्याको वितरण*

| उमेर समूह | जनसंख्या | कैफियत |
|---|---|---|
| ०-४ वर्ष | १५७८ | Flash 1 report, 2077 |
| ५-९ वर्ष | ३०४१ | Flash 1 report, 2077 |
| १०-१४ वर्ष | १८५४ | Flash 1 report, 2077 |
| १५-५४ वर्ष | १२१२४ | CBS,2068 |
| ५५ वर्ष भन्दा माथी | २७३३ | CBS,2068 |

स्रोतः Flash 1 report,2077 and CBS-2068

*तालिका १.३ जातीयताको आधारमा जनसंख्याको वितरण*

| जाति | जनसंख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| मधेशी | १५१३२ | ६१.१४ | |
| दलित | ५९५४ | २४.०६ | |
| जनजाति | ३४९ | १.४१ | |
| मुस्लिम | ७८८ | ३.१८ | |
| ब्राम्हण/क्षेत्री | २५२५ | १०.२० | |
| कूल जम्मा | २४७४८ | १०० | |

स्रोतः CBS-2068

प्रस्तुत तालिकाको जातीयताको आधारमा जनसंख्या अध्ययन गर्दा यस पालिकामा मधेसीको जनसंख्या सबैभन्दा बढी ६१.१४ प्रतिशत र जनजातिको जनसंख्या सबैभन्दा कम १.४१ प्रतिशत रहेको छ । तथ्याङ्कको आधारमा विष्णु गाउँपालिका मधेसी र दलितको बाहुल्यता रहेको देखिन्छ ।

*तालिका १.४ मातृभाषाको आधारमा जनसंख्याको वितरण*

| जाति | जनसंख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| मैथिली | २०५ | ०.८३ | |
| नेपाली | ६४६ | २.६१ | |
| वाज्जिका | २२७६८ | ९२ | |
| उर्दु | ७७७ | ३.१४ | |
| हिन्दी | १७ | ०.०७ | |
| अन्य | १६ | ०.०६ | |
| उल्लेख नभएको | ३२० | १.२९ | |
| कूल जम्मा | २४७४८ | १०० | |

स्रोतः CBS-2068

मातृभाषाको आधारमा जनसंख्याको आकारलाई विश्लेषण गरेर हेर्दा यस पालिकामा वाज्जिका मातृभाषीहरुको जनसंख्या सबैभन्दा बढी ९२ प्रतिशत र हिन्दी मातृभाषीको जनसंख्या सबैभन्दा कम ०.०७ प्रतिशत रहेको छ। मातृभाषाको आधारमा यो गाउँपालिका वाज्जिका मातृभाषीको बाहुल्यता रहेको तथ्याङ्कले देखाउँछ।

## १.३ बिष्णु गाउँ पालिकाको शैक्षिक सन्दर्भ/अवस्था

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन्। यसै गरी विष्णु गाउँपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चालनमा आएको छन्। यस खण्डमा विष्णु गाउँपालिकाको संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ।

### १.३.१ नीतिगत प्रवन्ध

नेपालको संविधान, २०७२ को भाग ३, धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ। उक्त संविधानमा आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क, आर्थिक रुपले विपन्न र अपाङ्गता भएकालाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक तथा आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने मौलिक हकको संवैधानिक व्यवस्था गरिएको छ। त्यसैगरी आधारभूत शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ ले प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकार/कार्यहरु प्रदान गरे अनुरुप विष्णु गाउँपालिकाले दिवा खाजा

कार्यविधि २०७७ निर्माण तथा कार्यान्वयन लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

### १.३.२ उपलब्धि अवस्था

विष्णु गाउँपालिकामा १० वटा सामुदायिक, २ वटा मदरसा र ९ वटा संस्थागत गरी जम्मा २१ वटा विद्यालयहरु छन् । पालिकास्तरीय शिक्षा पार्श्र्वचित्र अनुसार प्रारम्भिक बालविकास शिक्षामा अनुभव लिई कक्षा १ मा नवप्रवेशी प्रतिशत ५५.५ रहेको छ । कक्षा १ मा कूल र खुद भर्ना दर क्रमशः ४६.३ र ४५.६ रहेको छ । आधारभूत तह (कक्षा १-५) को कूल भर्ना दर ११०.३, खुद भर्ना दर ९८.३, लैङ्गिक समता सूचक १.१९ शिक्षक विद्यार्थी अनुपात १२७.७१, कक्षा ५ को टिकाउ दर ९४.५, कक्षा ५ को उतीर्ण दर ९४.०६ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ५ दोहोऱ्याउने दर ३.६० र कक्षा ५ मा कक्षा छोड्ने दर २.३४ प्रतिशत रहेको छ ।

आधारभूत तह (कक्षा ६-८) को कूल भर्ना दर १०३.२, खुद भर्ना दर ९०, लैङ्गिक समता सूचक १.०४, शिक्षक विद्यार्थी अनुपात १४५.५६, कक्षा ८ को टिकाउ दर ८६.२, कक्षा ८ को उतीर्ण दर ९७.९५ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ८ दोहोऱ्याउने दर ०.२३ र कक्षा ८ मा कक्षा छोड्ने दर १.८२ प्रतिशत रहेको छ ।

माध्यमिक तह (कक्षा ९-१०) को कूल भर्ना दर ८०.२, खुद भर्ना दर ६७.३, लैङ्गिक समता सूचक ०.७५, शिक्षक विद्यार्थी अनुपात १०९, कक्षा १० को टिकाउ दर ७९.५, कक्षा १० को उतीर्ण  दर ९७.६० प्रतिशत रहेको छ भने अझै पनि कक्षा १० कक्षा छोड्ने दर ३.२६ प्रतिशत रहेको छ ।

विष्णु गाउँपालिकाको विगत वर्षहरुको शैक्षिक उपलब्धि स्तर र शैक्षिक वर्ष २०७७ को उपलब्धि स्तरलाई समीक्षा गर्दा विगतका वर्षहरुको भन्दा हालको उपलब्धि स्तर क्रमशः खस्कदै गएको स्थिति छ । कोभिड-१९ को महामारीको प्रभावले यहाँको शैक्षिक उपलब्धिको स्तरलाई अझ ह्रास पार्ने सम्भावना देखिन्छ ।

### १.३.३ विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन

विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७८) ले विभिन्न शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु परिकल्पना गरि अगाडि सारे पश्चात् सो योजनालाई सहयोग पुऱ्याउने हेतुले विष्णु गाउँपालिकाले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनमा केही पहल कदमी चालेता पनि अझै कक्षा ५, ८ र १० को टिकाउ र उतीर्ण दर बढेको छैन भने कक्षा दोहोऱ्याउने र छोड्ने दर घटेको छैन ।

### १.३.४ दीगो विकास लक्ष्यहरु

दीगो विकास लक्ष्य (२०१५-२०३०) को लक्ष्य नं. ४ "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने" लक्ष्य पूरा गर्न नेपाल सरकारले सन् २०१५ मा दक्षिण कोरियाको इन्चोनमा भएको "दीगो विकासका लागि शिक्षा" कार्यक्रम र सेप्टेम्वरको संयुक्त राष्ट्रसंघको साधारण सभाको बैठकबाट पारित प्रतिवद्धता अनुरुप उक्त लक्ष्य नं. ४ हासिल गर्न विष्णु गाउँपालिकाले शिक्षा क्षेत्रको योजना निर्माण गरेको छ। सो लक्ष्य प्राप्तिका

लागि यस गाउँपालिकाले दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, लक्ष्य र कार्यक्रम सहित १० वर्षको शिक्षा क्षेत्रको योजना (२०२१-२०३०) तयार गरी कार्यान्वयनमा ल्याउन प्रयासरत छ।

## १.४ विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौतीहरु

विष्णु गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् :

- प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउँनु।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।

## १.५ विद्यालय शिक्षा क्षेत्रका अवसरहरु

माथि उल्लेख गरिएका चुनौतीहरु समाधान गरि विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरु रहेकाछन् :

- विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने।
- शिक्षामा सरकारको लागि राजनीतिक रुपमा सहभागी देखिएको।
- दीगो विकासको लक्ष्य प्रप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको।
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको।
- शैक्षिक अभियान्ताहरुको अग्रसरता रहेको।

## १.६ योजना निर्माण प्रक्रिया

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट नीतिगत मार्गदर्शन पश्चात् सन् २०२० को मे महिनाबाट यो योजनाको शुरुवात भएको हो। योजना निर्माणको क्रममा मन्त्रालय, आयोग, प्रदेश सरकार, स्थानीय तह र विद्यालयहरुबाट सुझाव भएपछि तयार गरिएको खाका हो। यसको आधारमा स्थानीय तहका योजना निर्माण गर्ने क्रममा बिष्णुले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेको छ।

#### १.६.१ अध्ययन तथा समीक्षा

विष्णु गाउँपालिकाको शिक्षा क्षेत्रको योजना निर्माणका लागि निम्नानुसारका अध्ययन तथा समीक्षाहरु भएका थिएः

- आवश्यकता पहिचान
- संगठन र सन्दर्भ अध्ययन,
- तथ्याङ्क संकलन, विश्लेक्षण र प्रस्तुतीकरण,
- शिक्षाको बाह्य सक्षमता विश्लेषण,
- शिक्षाको सामाजिक प्रभाव अध्ययन,
- आर्थिक तथा सार्वजनिक वित्त विश्लेषण,

#### १.६.२ योजनाको तयारी तथा विकासको लागि संरचनात्मक व्यवस्था

शिक्षा क्षेत्रको योजना (२०२१ - २०३०) को तयारी र विकासको संरचनात्मक व्यवस्था यस प्रकार रहेको थियो।

- शिक्षा क्षेत्रको योजना निर्माण समितिः विष्णु गाउँपालिकाको शिक्षा क्षेत्रको योजना (२०२१ - २०३०) को तयारी गर्न शिक्षा क्षेत्र योजना निर्माण समिति गठन भएको थियो।
- शिक्षा क्षेत्रको योजना निर्माणका लागि १० सदस्यीय प्राविधिक तथा मस्यौदा समिति गठन भएको थियो।

#### १.६.३ योजनाको पहिलो मस्यौदा विकासः

मस्यौदा समितिबाट तयार भएका परिच्छेदगत प्रारम्भिक मस्यौदा लेखन कार्य भएको थियो। उक्त मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो मस्यौदा तयार गरिएको हो।

# परिच्छेद दुईः नयाँ शिक्षा क्षेत्र योजना

## २.१ सन्दर्भ र औचित्य :

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने

गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२१-२०३०) तयार गरिएको छ।

वि.स.२०१० को "नेपालमा शिक्षा" नामक योजना कार्यान्वयन भए पछि शिक्षामा आम नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन हुँदै आएका छन्। प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरु र गरेका प्रतिवद्धताहरुलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस गाउँपालिकाको नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक संघका पदाधिकारीहरु, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरि महत्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ । स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढे मात्रै स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२१-२०३०) निर्माण गर्नु सान्दर्भिक देखिन्छ।

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि.सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरु, रणनीतिहरु तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ।

## २.२ राष्ट्रिय दीर्घकालिन सोच

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने।

## २.३ प्रदेशको दीर्घकालिन सोच

## २.४ गाउँपालिकाको दूरदृष्टि (Vision) :

- गुणस्तरीय र सीपयुक्त शिक्षा, विष्णु गाउँपालिकाको अपेक्षा

## २.५ ध्येय (Mission):

- सबै विद्यालय जाने उमेर समुहका बालबालिकाहरुको शिक्षाको पहुँचमा सुनिश्चित गर्दै समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने ।

## २.६ उद्देश्य :

- विद्यालय जाने उमेर समुहका सबै तहका बालबालिकाहरुको शिक्षामा पहुँच वृद्दि गर्नु ।
- विद्यालय जाने बालबालिकाको सिकाइ तथा पहुँचमा समतामा सुधार गर्नु ।
- विद्यालय शिक्षाको सिकाइलाई गुणस्तरीय, जीवनपयोगी सिकाइ उपलब्धिमा वृद्धि गर्नु ।
- विद्यालयको शिक्षणसिकाइ क्रियाकलापहरु सञ्चालनको लागि न्युनतम वातावरणको सिर्जना गर्नु ।
- सबै नागरिकका लागि जीवन पर्यन्त शिक्षाको अवसरमा बृद्धि गर्नु ।
- विद्यालय ब्यवस्थापनमा सुशासन जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।

## २.७ रणनीतिहरु :

२.७.१ सबै बालबालिकाहरुको पहुँचमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा पुऱ्याउन गाउँपालिका, वडा र विद्यालयले आवश्यक सुविधा सहित विद्यार्थी भर्ना अभियान चलाउने साथै नक्शाङ्कनको आधारमा सुलभ दूरीमा विद्यालय व्यवस्थापन गर्ने ।

२.७.२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने ।

२.७.३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरुमा जोड दिने ।

२.७.४ सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने ।

२.७.५ विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।

२.७.६ स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने ।

२.७.७ विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने ।

२.७.८ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने ।

२.७.९ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने ।

## २.८ अपेक्षित मुख्य उपलब्धि :

शिक्षा क्षेत्रको योजनाको अन्त्य (सन् २०३०) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुने ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुने ।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुने ।
४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।
५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू,स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुने ।
६. प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने ।
७. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।
८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुने ।
९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुने ।
१०. आर्थिक अभावका कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था नहुने ।
११. हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने ।
१२. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुने ।
१३. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।
१४. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुने ।

## २.९ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

बिष्णु गाउँपालिका को १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२१-२०३०) का मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरीएको छ -

*तालिका २.१ मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य*

## २.९ मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य

| क्र.स. | सूचकहरु | आधार बर्ष २०७७ को अवस्था | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८२ | २०८७ |
| **१. प्रारम्भिक बाल बिकाश तथा शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर | ४६.३ | १०० | १०५ |
| १.२ | चार बर्षका  बालबालिकाहरुको भर्ना अनुपात | ४५.६ | ९० | १०० |
| १.३ | न्यनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | १०० | १०० |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | १०० | १०० |
| १.५ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकाश तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ५५.५ | ९० | १०० |
| **२. आधारभुत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | १२२.१ | १०६ | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९८.९ | ९९ | ९९ |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | ११०.३ | ११२ | १०७ |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९८.३ | १०० | १०० |
| २.५ | कक्षा १-८ मा कुल भर्ना दर | १०३.२ | ११५ | ११० |
| २.६ | कक्षा १-८ मा खुद भर्ना दर | ९०.० | ९९ | १०० |
| २.७ | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकांक | १.१५ | १. | १. |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ८६.२ | ९८.९ | ९९.५ |
| २.९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ८४.५ | ९८.७ | ९९ |
| २.१० | ५-१२ बर्ष उमेरका बिद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ३.७ | १ | ० |
| **३. माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९-१० | ८०.२ | १०५.९ | १०९ |
| ३.२ | खुद भर्ना दर कक्षा ९-१० | ६७,३ | ८१.४ | ९६.४ |
| ३.३ | कुल भर्नादर कक्षा ९-१२ | ८२.४ | ९१.६ | ९७ |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ | ५१.२ | ५८.१ | ७२.१ |
| ३.५ | कुल भर्नादर कक्षा ११ -१२ | ५१.५ | ७७.३ | ८५.८ |
| ३.६ | खुद भर्नादर कक्षा ११ -१२ | २५.८ | ४०.१ | ६२.२ |
| ३.७ | कक्षा १० सम्म को टिकाउ दर | ७९.५ | ९७.९ | ९९ |
| ३.८ | कक्षा १२ सम्म को टिकाउ दर | २४ | ३५.४ | ५२.३ |
| ३.९ | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकांक | ०.८७ | १. | १. |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई** | | | | |
| ४.१ | ५ बर्ष माथिको साक्षरता दर | ७८ | ९६ | १०० |

| | | | | |
|---|---|---|---|---|
| ४.२ | १५-२४ बर्षको साक्षरता दर | ९२ | ९९ | १०० |
| ४.३ | १५ बर्ष माथीको साक्षरता दर | ५८ | ९५ | १०० |
| **५. महिला शिक्षक प्रतिशत** | | | | |
| ५.१ | आधारभुत तह | ४३.७ | ५० | ५० |
| ५.२ | माध्यमिक तह | २०.६ | २५ | ३० |
| **६. प्राथमिकता प्राप्त न्युनतम सक्षमता (PMEC) पुरा गरेका बिद्यालय प्रतिशत** | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | | ६० | ९० |
| ६.२ | आधारभुत बिद्यालय | १३.४ | ७० | ९५ |
| ६.३ | माध्यमिक बिद्यालय | | ६० | ९० |
| **७** | **राष्ट्रिय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत** | ११.६४ | १७ | २० |

## २.१० शिक्षा क्षेत्रको योजनामा परिवर्तनको सिद्धान्त

बिष्णुको शैक्षिक क्षेत्रको माग र आवश्यकतालाई मध्यनजर गर्दै यस क्षेत्रलाई शैक्षिक हवको रुपमा रुपान्तरण गर्न सभ्य, शिक्षित, प्रविधि र रोजगार उन्मुख, सुखी तथा समृद्ध समाजमा रुपान्तरण गर्न यस योजनाको विकास गर्दा परिवर्तको सिद्धान्तलाई आत्मसात् गरिएको छ । परिवर्तनको सिद्धान्तमा आधारित भएर योजना विकास गर्दा हाम्रो वर्तमान धरातल के कस्तो छ ? समस्या तथा चुनौतीहरू के के छन् ? भन्ने विषय उठान गरि वर्तमान अवस्थाको विश्लेषण गरिएको छ। पहिलो चरणमा योजना तथा कार्यक्रमको गन्तव्य वा अपेक्षित प्रभाव पहिचान गरिएको छ। गन्तव्य पहिचान गरिसकेपछि गन्तव्यमा पुग्ने आवश्यकताका आधारमा पछिल्ला चरणहरू क्रमशः पहिचान गरिएको छ। गन्तव्यमा पुग्ने आधारका रूपमा रहने यस्ता उपलब्धिहरूका पनि श्रृङ्खलाहरू हुन सक्ने भएकाले, तत्कालीन, मध्यकालीन र दीर्घकालीन उपलब्धिहरू क्रमशः पहिचान भएका छन्। पहिचान गरिएका उपलब्धिहरू प्राप्त भए नभएको वा के कति मात्रामा उपलब्धि प्राप्त भए भन्ने आधारमा निर्धारण गर्नका लागि उपलब्धि सूचकहरू तयार भएका छन्।

**शिक्षा क्षेत्रको यस योजनालाई निम्नअनुसार परिवर्तनको सिद्धान्तमा आधारित बनाइएको छ :**

### वर्तमान अवस्थाको विश्लेषण र समस्या तथा चुनौतीहरु पहिचान

विष्णु गाउँपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण गरि उपलब्धि अवस्थाका आधारमा विद्यमान समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समग्र विश्लेषण गरि चुनौतीहरूको पहिचान यस योजनाको पहिलो परिच्छेदमा गरिएको छ भने प्रत्येक उपक्षेत्रको अलग-अलग विस्तृत रूपमा वर्तमान अवस्थाको विश्लेषण गरि समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ । समग्रमा विद्यालय शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गरि गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने र विद्यालय तहको शिक्षामा समता तथा समावेशिताको प्रत्याभूति गर्ने कार्यमा अपेक्षित सफलता प्राप्त गर्न अझै पनि चुनौतीहरू रहेका छन्।

## १. अपेक्षित प्रभाव वा गन्तव्य पहिचान

योजनाका लागि परिवर्तनको सिद्धान्त विकास गर्न सर्वप्रथम योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका प्रभाव अर्थात् योजनाको गन्तव्य पहिचान गरिएको छ। नेपालको संविधानले समतामूलक तथा न्यायपूर्ण समाज विकास गर्ने दृष्टिकोण राखेको छ। यसका लागि आर्थिक तथा सामाजिक रुपान्तरण आवश्यक छ।समृद्ध नेपाल र सुखी नेपालीको आकांक्षा पूरा गर्न नेपाल सरकारले विकासको २५ वर्षे दीर्घकालीन सोच तयार गरि सोही अनुरुप पन्ध्रौं योजना २०७६-२०८० विकास गरेको छ। यो दीर्घकालीन आकांक्षा पूरा गर्न शिक्षा क्षेत्रले पनि योगदान गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गरि यस गाउँपालिकाले पनि शिक्षा क्षेत्रको १० वर्षे योजनाको अपेक्षित प्रभाव वा गन्तव्य पहिचान गरेको छ।

## २. अपेक्षित उपलब्धि तयारी

परिवर्तनको सिद्धान्त विकास गर्ने क्रममा योजनाको गन्तव्यमा पुग्नका लागि आवश्यक हुने उपलब्धिहरू तयार गरिएको छ। यस्ता उपलब्धिहरु तत्कालीन, मध्यकालीन र दीर्घकालीन प्रकृतिका छन्। यस योजनाको दीर्घकालीन अपेक्षित उपलब्धि २१ औं शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने सामाजिक मूल्य मान्यताप्रति सचेत तथा समता र समावेशितालाई आत्मसात् गर्ने नागरिक तयार हुने रहेको छ। मध्यकालीन अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रूपमा स्थापित भई सबैका लागि सहज पहुँच सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समता र समावेशिता प्रवर्धन हुने जस्ता व्यवस्था राखिएको छ। यसका साथै अल्पकालीन अपेक्षित उपलब्धिको रुपमा ८ ओटा अपेक्षित मुख्य उपलब्धिहरू तय गरि परिच्छेद २ मा उल्लेख गरिएको छ। यी उपलब्धि प्राप्त भएको सुनिश्चित गर्नका लागि उपलब्धि सूचकहरू तयार गरि परिच्छेद ७ मा मुख्य उपलब्धि सूचकहरू र समग्र उपलब्धि सूचकहरू तयार गरिएको छ।

## ३. नतिजा

फरक फरक स्तरका उपलब्धिहरू तयार गरेपछि ती उपलब्धिका लागि के कस्ता नतिजाहरू आवश्यक हुने हो भन्ने कुरा तय गरिएको छ। उदाहरणका लागि सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने भन्ने उपलब्धि प्राप्तिका लागि सबै बालविकास तथा शिक्षा केन्द्रहरूमा न्यूनतम् भौतिक पूर्वाधार, शैक्षिक सामग्री, सरसफाइ तथा स्वच्छताको प्रबन्ध, न्यूनतम् योग्यता पुगेका, तालिम प्राप्त र उत्प्रेरित शिक्षक, पौष्टिक तथा स्वास्थकर दिवाखाजा, आधारभूत स्वास्थ्य सेवा, बालमैत्री वातावरण, स्वतन्त्र सिकाइ, प्रकोप तथा महामारीमा वैकल्पिक सिकाइ, समता तथा समावेशी सिकाइजस्ता नतिजाहरू रहेका छन्।

## ४. रणनीति तथा क्रियाकलापहरू

नतिजा प्राप्तिका लागि विभिन्न रणनीति तथा क्रियाकलापहरू आवश्यक हुन्छन्। एउटा नतिजाका लागि एक वा एकभन्दा बढी क्रियाकलापहरू आवश्यक हुन सक्दछन् भने एउटा क्रियाकलाप एक वा एकभन्दा बढी नतिजासँग पनि सम्बन्धित हुन सक्दछ। यी रणनीति तथा क्रियाकलापका लागि कार्यान्वयन प्रबन्ध तथा आवश्यक स्रोत तथा साधनको आकलन पनि गरिएको छ। उल्लिखित नतिजाको श्रृङ्खलासहित उपलब्धि तथा गन्तव्य प्राप्तिका लागि अपेक्षित स्रोत साधन, संरचना, उत्तरदायित्व, साझेदार तथा सरोकारवालाहरूको सकारात्मक सहयोग तथा सहकार्यमा निरन्तरता हुने मान्यताहरूका आधारमा यो परिवर्तनको सिद्धान्त विकास गरि सोही बमोजिम योजना तर्जुमा गरिएको छ।

# परिच्छेद तीनः विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ परिचयः

यस शिक्षा क्षेत्रको योजना सन् २०२१-२०३० का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्ष अर्थात् सन् २०२१-२०२५ का लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ। पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरू: बालिवकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापन जस्ता सबैजसो उपक्षेत्रसँग अन्तरविषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

## ३.२ बालविकास र शिक्षा

### ३.२.१ परिचय

प्रारम्भिक बाल विकास तथा शिक्षा आधारभुत तहको एक महत्वपुर्ण उप क्षेत्र हो। चार बर्ष उमेर पुगेका बालबालिकालाई दिईने शिक्षालाई प्रारम्भिक बालशिक्षा भनिन्छ। शारीरिक, मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक क्षेत्रको समुचित विकासलाई नै बाल बिकासको आधारमा लिएको हाल रहेको छ। हाल बालविकास केन्द्र विद्यालयमा आधारित तथा समुदायमा आधारित २ प्रकारका रहेका छन्। प्रारम्भिक बालविकास कक्षादेखि १२ सम्मलाई सरकारले विद्यालय शिक्षाको संरचनामा राखेको छ।

पाठ्यक्रम प्रारुप २०७६ का अनुसार चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख गरिएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ  भन्ने कुरा उल्लेख गरिएको छ। प्रारम्भिक बालविकास र शिक्षाका ७ सक्षमताहरू मा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास रहेका छन्।

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्तव थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच गुणस्तरमा जोड दिइएको छ भने शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उदेश्य लिएको छ भने उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ। त्यस्तैगरी १५ औ योजनाले प्रारम्भिक शिक्षा लाई विद्यालय शिक्षाको अभिन्न अंगका रुपमा लिइ सबै बालबालिकाहरुको पहुँचको सुनिश्चित गर्ने रणनीति लिइएको छ भने कार्यनितका रुपमा बालविकासको विकासको लागि लगानी साझेदारी गर्ने दक्ष योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने प्रारम्भिक शिक्षाको ब्यवस्थापनको न्युनतम मापदण्ड पुरा गर्ने लिएको छ।

### ३.२.२ वर्तमान अवस्था

यस पालिकामा जम्मा १४ वटा बालविकास केन्द्र रहेका छन्। यस क्षेत्रमा मुलत सबै बालविकास केन्द्रहरु सरकारले तोकेका मापदण्ड पुरा नभएको, बालविकास शिक्षामा सबै बालबालिकाहरुको पहुँचमा अझै पनि शत प्रतिशतले नआएको देखिन्छ भने इसीडिको अनुभव सहित कक्षामा १ मा भर्ना हुनेको ५५.५ प्रतिशत मात्र भएको पाइन्छ। त्यसैगरी बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभई कुनै स्थानमा २ वा सो भन्दा बढी र कुनै स्थानमा एउटा पनि बालविकास केन्द्र नभएको अवस्था रहेको छ। भूगोल, जनसंख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजना, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ। यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु जरुरी हुन आउँछ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन-२०७५) अनुसार यस पालिका अन्तर्गत कुनैपनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ। प्रायः बालविकास केन्द्रहरु बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री बन्न सकेका छैनन्। एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन।

### अवसर र चुनौतिहरु

बालविकासको क्षेत्रमा प्रत्येक बर्षमा प्रतिविद्यार्थी रु ५०० का दरले अनुदान विद्यालयले गर्नु प्रदेश सरकारले यस क्षेत्रमा जोड दिदै आउनु गत आव २०७४/७५ मा जना बालबविकासका सहजकर्ताले १० दिने तालिम प्राप्त गर्नु यस पालिकाले बालविकास सहजकर्तालाई थप प्रोत्साहनको कार्यक्रम लागु गर्नु, खाजा कार्यक्रम लागु हुनु बालविकास केन्द्रको लागि धैरै विद्यालयहरुमा छुट्टै कक्षाकोठा हुनु अभिभाबकहरुमा क्रमश ४ बर्ष पछि बालविकासमा भर्ना गर्नु पर्छ भन्ने चेतना

बढ्दै जानु स्थानिय सरकाले एन जारी गरी ब्यवस्थापन प्रक्रिया शुरु गर्नु लागायतका गतिविधिले यस क्षेत्रको विकासको अवसर निर्देशिष्ट गर्दछ ।

यस क्षेत्रको चुनौतिका रुपमा सहजकर्ताहरुले विद्यालयमा शिक्षकको अभावले अन्य कक्षाहरु पनि सहजिकरण गर्नु पर्ने बाल विकास सहजकर्ताले कम पारिश्रमिक प्राप्त गर्नु बालविकास केन्द्रहरुको बर्गीकरण नगर्नु धैरै बालविकास केन्द्रहरुका सरकारले ताकेका न्युनत्तम मापदण्ड पनि पुरा नगर्नु रहेको छन् । मुलत यस क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरुमा यस प्रकार रहेका छन

- प्रारम्भिक बाल विकास केन्द्रको न्युत्तम मापदण्ड पुरा गर्दै बालबालिकाहरुको सर्वाङगिण विकास गर्नु
- पिछाडीएका वर्गका बालबालिकाहरुलाई बाल शिक्षाको पहुँचमा सुनिश्चत गर्नु
- योग्यता तथा तालिम प्राप्त सहजकर्ताको ब्यवस्था गर्नु तथा टिकाइ राख्नु
- सबै बालविकास केन्द्रहरुमा तोकिएको पाठ्यक्रम अनुरुप सहजीकरण गर्नु
- प्रारम्भिक बालहेरचाहा पोषण सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभाब जागरण गर्नु

### ३.२.३ उद्देश्य

यस पालिकाको प्रारभ्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको हुने छ

- ५ बर्ष मुनिको सबै बालबालिकाहरुलाई प्रारभ्भिक बालविकास तथा शिक्षामा पहुँच सुनिश्चत गर्नु ।
- पाठ्यक्रम २०७७ अनुसार ५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास/पर्व प्राथमिक शिक्षालाई कक्षा १ मा प्रवेशको तयारी गराउनु ।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु ।

### ३.२.४ रणनीतिहरू

**योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ ।**

१. संघीय सरकारले निर्धारण गरेको मापदण्ड, नम्र्स र ढाँचा अनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक वालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहले गर्नेछ । प्रदेश सरकारले क्षमता विकास, समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्नेछ ।

२. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनर्विरण र आवश्यक भएमा नयाँ स्थानमा केन्द्र स्थापना गरी प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराउने ।

३. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका ४ वर्षका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरु विकास गरी पहुँच सुनिश्चित गरिनेछ ।

४. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्न र सबै बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गर्न समयसापेक्ष पाठ्यक्रमको परिमार्जन तथा अनुकुलन गरी कार्यान्वयन गरिनेछ।
५. सबै प्रारम्भिक बालविकास तथा शिक्षामा लगानी सुनिश्चित गरी केन्द्रको न्युनतम मापदण्ड पुरा गराउन लागत सहभागिता प्रारुप २०७७ लाई परिमार्जन गरी कार्यान्वयनमा ल्याउने।
६. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाइने छ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर पाएका हुने।

**ख) प्रमुख नतिजाहरू**

१. प्रारम्भिक बालविकास केन्द्रहरु "प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५)" अनुसार मापदण्ड पूरा भएका हुनेछन्।
२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुनेछ।
३. सबै प्रारम्भिक बालविकास सहजकर्ताहरु मन्टेश्वरीमा आधारित ३० दिने तालिम प्राप्त हुनेछन्।
४. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि २० मिनेटको दूरी भन्दा बढी नपर्ने गरी नयाँ बालविकास (घुम्ती बालविकास) केन्द्र विस्तार गरिएको हुनेछ।

प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ३.१ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रारम्भिक बालबिकाश सम्बन्धी न्युनतम मापदण्ड निर्देशिका २०६७ अनुसार मापदण्ड पुरा "(पहिलो संसोधन २०७५) | पटक | ० | २ | २ | २ | २ | १४ | प्रदेश/ गाउँपालिका |
| २ | घुम्ती बालविकास केन्द्र विस्तार | पटक | | | १ | | १ | ३ | गाउँपालिका |
| ३ | बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित ३० दिने तालिम | पटक | | १ | | १ | | २ | पटक |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण | पटक | | | १ | | | २ | गाउँपालिका |
| ५ | प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारे कर्मचारीको व्यवस्थापन | संख्या | | २ | २ | २ | २ | १४ | गाउँपालिका |
| ६ | गर्भवती र नवजात शिशु पोषणमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ७ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | केन्द्र | १४ | १४ | १४ | १४ | १४ | १४ | संघ |
| ८ | शिक्षकको क्षमता विकास तथा वृत्ति विकास | संख्या | | | ७ | ७ | | १४ | प्रदेश/ गाउँपालिका |
| ९ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषाको प्रयोग | केन्द्र | १४ | १४ | १४ | १४ | १४ | १४ | विद्यालय |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | पटक | १ | | | १ | | १ | संघ/ प्रदेश/ गाउँपालिका |
| ११ | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाको सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय सरोकारवाला |

## ३.३ आधारभूत शिक्षा

### ३.३.१ परिचय

शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन्। युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरूले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि विष्णु गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ।

### ३.३.२ वर्तमान अवस्था

विष्णु गाउँपालिका भित्र हाल कक्षा १-५ सञ्चालित १५ (सामुदायिक-६, मदर्शा-२ र निजी ७) र कक्षा ६-८ सञ्चालित ३ (सामुदायिक-१ र निजी-२) विद्यालयहरू गरी जम्मा आधारभूत विद्यालयहरूको संख्या १८ रहेको छ। आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा १-५ मा ५४ प्रतिशत छात्रा र ४६ प्रतिशत छात्र, कक्षा ६-८ मा ५० प्रतिशत छात्रा र ५० प्रतिशत छात्र भर्ना भएको अवस्था छ। यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको प्रतिशत उच्च छ। यसैगरी संस्थागत विद्यालयतर्फ तर्फ ३५.३१ प्रतिशत छात्रा र ६४.६९ प्रतिशत छात्र भर्ना भएका छन्। जसमा संस्थागत विद्यालयमा २९.३८ प्रतिशतले छात्रा भन्दा बढी देखिन्छ। आधारभूत तहमा कार्यरत शिक्षक मध्ये ४२.५० प्रतिशत महिला रहेको देखिन्छ। विद्यार्थी शिक्षक अनुपात कक्षा १-५ मा १२७.७१ प्रतिशत र कक्षा ६-८ मा १४५.५६ प्रतिशत रहेको अवस्थामा विद्यालयमा रहेको पूरानो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालय विद्यार्थी संख्याका आधारमा दरबन्दी पर्याप्त नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा शिक्षणको अभ्यास अधिक विद्यालयमा भइरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण गर्नु आवश्यक रहेको छ। यस पालिकाको कूल जनसंख्या २७७४८ मध्ये आधारभूत तह उत्तीर्ण गर्ने जनसंख्या सबैभन्दा धेरै १६९६ जना रहेको र जसमा ३२.५५५ प्रतिशत महिला देखिन्छ। समग्रमा पालिकाको १८.६३ प्रतिशतले आधारभूत तहको शिक्षा हासिल गरेको देखिन्छ तथापि कक्षा ६-८ मा भने खुद भर्नादर ९० प्रतिशत रहेकोले तोकिएको उमेर भन्दा माथिल्लो उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा लिएको देखिन्छ।

आधारभूत तह कक्षा १-८ मा कक्षा १० सम्म योग्यता भएका २ जना, एस्.एल.सी. योग्यता भएका १७ (सामुदायिक-५ र निजी-१२) जना, प्रविणता तह योग्यता भएका ७९ (सामुदायिक-४६ र निजी-३३) जना र स्नातक योग्यता भएका ४९ (सामुदायिक-३५ र निजी-१४) जना, स्नातकोत्तर योग्यता भएका २१ (सामुदायिक-२० र निजी-०१) जना र एम.फिल. योग्यता भएका सामुदायिकका ८ जना शिक्षक कार्यरत रहेको वर्तमान अवस्था छ। सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुमा तहगत रुपमा सबै शिक्षकहरुको न्यूनतम् योग्यता पूरा भएको देखिन्छ। सामुदायिक बिद्यालयमा पेशागत तालिम प्राप्त कूल शिक्षक ९० प्रतिशत रहेको यस पालिकामा आगामी दिनमा शिक्षकको पेशागत तालिमका लागि जोड दिनुपर्ने देखिन्छ।

**आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरु :**

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने।
२. सिकाइको गुणस्तर अभिवृद्दि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने।
३. विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्गमैत्री, बालमैत्री बनाउने।
४. विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने।
५. सूचना तथा सञ्चार प्रविधिमा दक्षतामा वृद्धि गरि शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने।

### ३.३.३ उद्देश्य

यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ :

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि
३. विद्यार्थीको सिकाइ उपलब्धी राष्ट्रिय औसत उपलब्धी बराबर बनाउने,
४. विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरि बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउनु,

### ३.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने।
३. विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने।

४. वैकल्पिक/अनौपचारिक/खुला/परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने ।
५. विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने ।
६. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने ।
७. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने ।
८. शिक्षकले कक्षाकोठामा विताउने समय कार्याविधि कार्यान्वयनमा ल्याइने छ ।
९. बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीविच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ ।
१०. छापामय कक्षा कोठा ब्यबस्थापन नभएका कक्षा १ देखी ३ सम्मका विद्यालयहरुलाई आगामी ३ बर्ष भित्र कक्षाकोठा ब्यबस्थापनका लागि आबश्यक वजेट ब्यबस्थापन गरी पूर्ण गरीने ।
११. स्थापना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरमा नियमित पढाइ तथा स्वँयम सिकाइ एवम गणितीय सिप विकास गर्ने सामाग्रीहरुलाई उचित ब्यबस्थापन तथा प्रयोगमा अनिबार्यता र सो को अभिलेखिकरण गरीने ।
१२. विद्यार्थी सिकाइ स्तरको पहिचानका लागि पालिकास्तरीय कक्षा कोठामा आधारित पठन सीप परिक्षण (सिविएग्रा) सन्चालन र उत्कृष्ठ विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम ।
१३. प्रारम्भिक कक्षाका सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान गरी सोही अनूसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गर्ने ।
१४. मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ ।
१५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ ।
१६. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने ।
१७. राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ को कार्यान्वियन गरीने ।
१८. आधारभूत तहको स्थानीय पाठयक्रमको परिमार्जन र विकास तथा प्रयोगमा जोड दिइने छ ।
१९. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने ।
२०. विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने ।

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धि

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुने ।

### ख) प्रमुख नतिजाहरू

१. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने ।

२. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।
३. आधारभूत तह पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने ।
४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति सचेत बनाउने ।
५. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने ।
६. जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने ।
७. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने ।

### ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ३.२ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | | १ | | | ३ | गाउँपालिका |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | | १ | १ | | | ३ | गाउँपालिका |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | ९९.७ | ९९.७ | ९९.८ | ९९.९ | १०० | | गाउँपालिका |
| ४ | कक्षा १ देखि ५ सम्मका बालबालिका लागि भाषिक पठनसिप बिकासका लागि शिक्षक तथा बिद्यार्थी निर्मित स्थानीय सामाग्रीहरु सहित छापामय कक्षाकोठा ब्यबस्थापन | बिद्यालय | | २ | १ | १ | २ | १२ | गाउँपालिका |
| ५ | छापामय कक्षाकोठा ब्यबस्थापन नभएका कक्षा १ देखी ३ सम्मका बिद्यालयहरुलाई छापामय कक्षाकोठा ब्यबस्थापन | बिद्यालय | | २ | २ | २ | २ | १२ | गाउँपालिका |
| ६ | विद्यालयमा न्युनतम भौतिक पूर्वाधार विकास | संख्या | ० | १ | १ | १ | १ | १२ | संघ/ प्रदेश/ गाउँपालिका |
| ७ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | कक्षा | | ५ | ८ | | | | |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा योजना तयारी महामारीलगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| ९ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | २ | २ | २ | २ | २ | १२ | ,, |
| १० | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | ,, |
| ११ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | | | | | | | गाउँपालिका |
| १२ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | गाउँपालिका |
| १४ | घुम्ती पुस्तकालय सञ्चालन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | गाउँपालिका |
| १५ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | गाउँपालिका |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधानले २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानमा उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यवहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक तथा व्यवसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। विष्णु गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ।

### ३.३.२ वर्तमान अवस्था

विष्णु गाउँपालिका भित्र हाल कक्षा १० सम्म सञ्चालित १ सामुदायिक र कक्षा १२ सम्म सञ्चालित २ सामुदायिक गरी माध्यमिक तहको विद्यालयहरूको संख्या ३ वटा रहेको छ, जसमध्ये कुनै पनि बिद्यालयमा प्राविधिक धार पठन पाठन संचालन भएको छैनन्। माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ६७.३ र कूल भर्नादर ८०.२ रहेको छ। माध्यमिक तहमा विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१० मा ५६ प्रतिशत छात्रा र ४४ प्रतिशत छात्र भर्ना भएको अवस्था छ। यस तहमा खुद भर्नादरमा लैङ्गिक समता सूचक कक्षा ९-१० को ०.७५ र कक्षा ११-१२ को १.२९ र शिक्षक विद्यार्थी अनुपात १२२.८३ प्रतिशत रहेको छ। कक्षा १० को टिकाउ दर ७९.५ प्रतिशत, उत्तीर्ण दर ९७.६, र कक्षा छोड्ने दर २.४ रहेको छ। यस पालिका भित्र माध्यमिक तह कक्षा ९-१२ मा स्नातक योग्यता भएका ४ र स्नातकोत्तर योग्यता भएका ३ गरि जम्मा ७ जना शिक्षकहरु कार्यरत छन् जसमध्ये १ जना महिला शिक्षक निजी दरबन्दीमा कार्यरत रहेकी छिन।

**माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः**

१. निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई कार्यान्वयन गर्ने।
२. माध्यमिक तहमा प्राविधिक तथा ब्यवसायिक शिक्षालाई व्यवस्थित गर्ने।
३. विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने।
४. प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्ने।
५. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने।
६. शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्ने।
७. विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने।

८. विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्ने।
९. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गर्ने।

### ३.४.३ उद्देश्यहरू

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चीत गरी गुणस्तरमा सुधार गर्नु।
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।
३. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउने।
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहारकुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

### ३.४.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. विद्यालय नक्शाङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरीनेछ।
२. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरीने छ।
३. माध्यमिक तहमा सञ्चालन भइरहेको प्राविधिक धारमा थप २ क्षेत्र समेटिनेछ।
४. माध्यमिक आवासीय विद्यालय विस्तार गरीनेछ।
५. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइनेछ।
६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गरीनेछ।
७. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ।
८. एउटा सामुदायिक विद्यालयको कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरीनेछ।
९. आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्नेछ।
१०. एक वटा माध्यमिक विद्यालयलाई कक्षा १ बाट नै सञ्चालित गरी नमुना माध्यमिक विद्यालयको रुपमा स्तरोन्नति गरीनेछ।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

ख) नतिजा

१. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमी आउने।
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने।

३. माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने।
४. मध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।
५. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।
६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन हुने।
७. माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

*तालिका ३.३ माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | १ | | | २ | गाउँपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | | १ | | | २ | गाउँपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | ० | | १ | १ | | १ | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | आवश्यकता अनुसार स्कूल बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका बैकल्पिक प्रबन्ध गर्ने | संख्या | | | | १ | | १ | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, स्थानीय तह सुधारको क्रियकलाप अनुसार | पटक | | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| ७ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | | | | १ | | १ | संघ/ प्रदेश/ गाउँपालिका |
| ८ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | | १ | १ | १ | | ५ | ,, |
| ९ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम | प्रतिशत | | १० | १५ | १५ | १५ | ४५ | ,, |
| १० | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | संख्या | | १ | | १ | | ३ | गाउँपालिका |
| ११ | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | | १ | | १ | | २ | गाउँपालिका |
| १२ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | गाउँपालिका |
| १४ | घुम्ती पुस्तकालय सञ्चालन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | गाउँपालिका |
| १५ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | गाउँपालिका |

### ३.५ उच्च शिक्षा

#### ३.५.१ परिचय

उच्च शिक्षा देशको मेरुदण्ड हो । कुनै पनि राष्ट्रको समृद्धि तथा विकासको लागि शिक्षा महत्वपूर्ण साधन हो । माध्यमिक तहको शिक्षा पूरा गरेपछि रुचि र आवश्यकताको आधारमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुको संख्या पनि बढ्दै गइरहेको छ । देशको विभिन्न क्षेत्रमा उन्नति हासिल गर्नको लागि उच्चस्तरीय दक्ष जनशक्तिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । उच्च शिक्षा विशिष्टीकृत हुने हुनाले विद्यार्थीहरुले आफ्नो रुचिको विषयमा विशेष ज्ञान, सीप र दक्षता हासिल गर्दछन्, जसबाट देश र समाजले विशेष फाइदा पाउन सक्ने आशा गर्न सकिन्छ।

#### ३.५.२ वर्तमान अवस्था

हरेक मुलुकमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ । मुलुकको शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, औद्योगिक विकासका लागि योग्य जनशक्तिको जरुरत पर्दछ । त्यसका लागि विद्यालयीय शिक्षा कक्षा १२ भन्दा माथिको उच्च शिक्षा आवश्यकता पर्दछ । विष्णु गाउँपालिकामा क्याम्पस नरहेकोले यहाका विद्यार्थीहरु उच्च शिक्षा अध्ययनका लागि जिल्लाको सदरमुकाम मलंगवा तथा जिल्ला बाहिर अन्य ठाउँमा जानु परेको बाध्यता छ । यसरी व्यक्तिको जीवनस्तर उकास्न, आधुनिक समाजमा रहेका विविध संघ संस्थाको गुणस्तरीय विकास गर्न, कार्य वातावरणमा उत्पन्न बिभिन्न समस्याहरुको सही समाधान गर्न ज्ञान, विज्ञान र प्रविधिको विकास गरी सामाजिक रुपान्तरण गर्न र विकासको गतिका लागि दक्ष जनशक्ति आपूर्ति गरी तीव्रता प्रदान गर्न उच्च शिक्षाको अहम् भूमिका रहन्छ । यहाको कूल जनसंख्या मध्ये स्नातक, स्नातकोत्तर र एम्. फिल्./ पि.एच.डी. शैक्षिक योग्यता भएका संख्या क्रमशः १७०, १२ र ३ जना रहेको छ ।

**उच्च शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः**

१. स्नातक तहको क्याम्पसको सम्वन्धन र अनुमति लिन ।
२. भौतिक पूर्वाधार विकास गर्न ।
३. क्याम्पसको स्थायित्व र सुदृढीकरण गर्न ।
४. गुणस्तरीय उच्च शिक्षाको प्रत्याभूति दिलाउन ।
५. जनशक्ति व्यवस्थापन गर्न ।

#### ३.५.३ उद्देश्य

१. स्नातक तहको क्याम्पस स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्ने ।
२. पूर्वाधार विकास गरी जनशक्ति व्यवस्थापन गर्ने ।

#### ३.५.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. यस पालिकामा स्नातक तहको क्याम्पस स्थापनार्थ सम्बन्धनका लागि त्रिभूवन विश्वविद्यालयमा पहल गर्ने ।
२. सम्बन्धन प्राप्त क्याम्पसको संस्थागत विकासका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघ सरकारसँग समन्वय गरी आर्थिक आवश्यकता पुरा गर्ने ।

३. क्याम्पसको सुढृढीकरणको लागि विश्वविद्यालय अनुदान आयोगबाट अनुदान माग गरि सो अनुकूल कार्य गर्ने ।

### ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।

**ख) नतिजा**

१. सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।
२. क्याम्पसको सञ्चालन, स्थायित्व तथा सुदृढीकरण भएको हुने ।
३. उच्च शिक्षाको अवसर सहज रुपमा प्राप्त भएको हुने ।

**ग ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

*तालिका ३.४ उच्च शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | क्याम्पस सम्बन्धन र अनुमति | पटक | | | १ | | | १ | विश्वविद्यालय |
| २ | क्याम्पस सञ्चालन | संख्या | | | | १ | | १ | गाउँपालिका |
| ३ | सुरक्षित पूर्वाधार निर्माण | संख्या | | | १ | | १ | १ | संघ/ प्रदेश/ गाउँपालिका |
| ४ | स्थायित्व तथा सुदृढीकरण | निरन्तर | | | | १ | | १ | गाउँपालिका |

## ३.६ पाठ्यक्रम तथा मूल्याङ्कन

### ३.६.१ परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो । मानव जीवनका व्यवहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालबालिकाको सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहना अनुरुप परिवर्तन भइरहन्छ । निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो । यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ । समयसापेक्ष हुनुपर्छ । जनचाहना पूरा गर्न सक्नुपर्दछ । कक्षाकोठाको वातावरण अनुकूल हुनुपर्छ । व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ । पाठ्यक्रम समावेशी हुनुपर्छ । यसले सबैको चाहना प्रतिविम्वन गर्न सक्नुपर्छ । स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन-कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो । मूल्याङ्कन पद्धतिका रुपमा कक्षाकोठामा आधारित पठन सीप परिक्षण, आवधिक परीक्षा, आवधिक मूल्याङ्कन, NARN, NASA रहेका छन् भने हाल सिकाइका लागि मूल्यांकनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ । साथै सन्दर्भ सामग्रीहरूमा विद्यार्थीहरूको पहुँच वृद्धिको लागि गरिएको व्यवस्था जस्तै विद्युतीय प्रति CEHRD को अनलाइन पोर्टलमा राखिएको, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लामा कक्षा १-३ का लागि दिइएका सामग्री आदि रहेका छन् ।

### ३.६.२ वर्तमान अवस्था

विष्णु गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ । यसै शैक्षिक सत्रदेखि यस पालिकाले आधारभूत तह कक्षा १-५ को स्थानीय विषयको पाठ्यक्रम निर्माणको थालनी गर्ने र अर्को बर्ष आधारभूत तह कक्षा ६-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माण योजना गरेको छ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुऱ्याउछ । स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा

दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । त्यसैगरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई  जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली  मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने  आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन बिधि अपनाएइको छ । आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ । आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ । कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ । कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ ।

**पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः**

३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास ।
४. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग ।
५. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने ।
६. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग ।
७. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको अर्थपूर्ण सहभागिता ।
८. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग ।
९. स्थानीय पाठ्यक्रम कार्यान्वयन ।
१०. कक्षा १-३ मा पठनसीप सम्बन्धि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको विकास, वितरण तथा प्रयोग हुदै आउनु स्थानीय पाठ्यक्रमको विकास प्रक्रिया अगाडी बढ्नु र समयमा नै पाठ्यपुस्तकहरु प्राप्त हुनु अवसरको रुपमा रहेका छन् ।

### ३.६.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
२. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध विष्णु निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु ।
३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।

### ३.६.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध विष्णु निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ।
२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने छ।
३. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ।
४. विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ।
५. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने छ।
६. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ।
७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ।
८. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ।

### ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने।

**ख) नतिजा**

१. स्थानीय पाठ्यक्रम २०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने।
२. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १-५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने।
३. शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने।
४. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने।
५. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने।
६. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चयिका फायल खडा भएको हुने।

### ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ३.५ पाठ्यक्रम तथा मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम २०७८ कार्यान्वियन | | | | | | | | |
| | स्थानीय पाठ्यक्रम परीक्षण | कक्षा/विषय | १-५ | ६-८ | | | | | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम कार्यान्वयन | कक्षा/विषय | | १-५ | ६-८ | | | | गाउँपालिका |
| | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | कक्षा/विषय | | १-५ | ६-८ | | | | गाउँपालिका |
| | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | कक्षा/विषय | १-५ | ६-८ | | | | | गाउँपालिका |
| २ | विद्यार्थी मूल्याङ्कन | | | | | | | | |
| | नमुना साधन विकास | कक्षा/विषय | | १-५/ ३ | ६-८/ ३ | | ९-१२/ ३ | | गाउँपालिका |
| | कार्य सञ्चयिका फायलको प्रयोग | कक्षा /विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | सबै | विद्यालय |
| ३ | मातृभाषा वा स्थानीय भाषा | | | | | | | | |
| | स्थानीय पाठ्यक्रमलाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | संख्या | | | १ | | १ | २ | गाउँपालिका |
| | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | कक्षा/विषय | | | | | १-५ | ६-८ | गाउँपालिका |
| ४ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | प्रतिशत | ६ | ७ | ७ | १० | १५ | ५५ | संघ |

## ३.७ शिक्षक व्यवस्थापन र विकास

### ३.७.१ परिचय

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस विष्णु गाउँपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ३.७.२ वर्तमान अवस्था

#### शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यस पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठत पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ । शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले

यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ ।

**शिक्षक तयारी**

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैंव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वी.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वी.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसै गरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरि अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ ।

**शिक्षणसिकाइ क्रियाकलाप**

कुनै पनि विषयवस्तु विद्यार्थी समक्ष पुऱ्याउँदा जे जस्ता विधि वा माध्यम अपनाइन्छ, तिनले अपेक्षित उद्देश्य परिपूर्तिमा सघाउनु पर्दछ । कुनै पनि शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तौरतरिका वा विषयवस्तुको स्वरुपमा भर पर्दछ । शिक्षण विधि छनौट गर्दा सकेसम्म विद्यार्थी केन्द्रित खालको अर्थात बालकेन्द्रित विधि अपनाउनुपर्छ, जसमा बढी भन्दा बढी विद्यार्थीको सहभागिता रहोस । शिक्षण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरुको तहगत स्तर, विषयवस्तुको प्रकृति र स्वरुप आदिका आधारमा छनौट गर्नु पर्छ ।

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ । विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन् । यसको फलस्वरूप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरि शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् ।

**शिक्षक पेशागत सहयोग पद्धति**

नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूलको स्थापनासँगै शिक्षक पेशागत सहयोग पद्धतिको शुरुवात भएको देखिन्छ। राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना (१९८१-१९९१) र सो पश्चात् नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए। प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन् १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन् १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन् २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८-२०७२/०७३) हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले समेत शिक्षकको पेशागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेशागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमश: तिनको सङ्ख्या बिस्तार गरि १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेशागत सहयोग प्रदान हुँदै आइरहेको थियो।

शिक्षक पेशागत सहयोग स्रोतकेन्द्र १०५३, अगुवा स्रोत केन्द्र ४६ र "क" शैक्षिक तालिम केन्द्रहरु ९, "ख" शैक्षिक तालिम केन्द्रहरु २० र उपकेन्द्र ५ बाट विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियमित प्रधानाध्यापक बैठक, शिक्षक अन्तर्क्रिया कार्यशाला, छोटो अवधिको मागमा आधारित आदि तालिम सञ्चालन हुँदै आएका थिए। यस पालिकाभित्र १ वटा श्रोतकेन्द्र सञ्चालनमा थिए।

**शिक्षक क्षमता विकास कार्यक्रम**

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूर्ण हुनुपर्छ। शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ। स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ, प्रमाणीकरण तालिम , पुनर्ताजगी तालिम, अनुभव आदान प्रदान कार्यक्रम, स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम, स्वप्रयत्नमा आधारित सिकाइ आदि। पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ। नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्र महरू सञ्चालन भएका थिए। शिक्षकको क्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो।

**शिक्षक उत्तरदायित्व**

शिक्षण सिकाइ प्रक्रियामा शिक्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो। असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छ। शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नु पर्दछ। शिक्षकमा समाजको

मार्गदर्शक, उपदेशक एवम् उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आर्दश गुणहरु हुनुपर्दछ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ।

शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ। विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने र त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापकप्रति पनि उत्तरदायी हुनुपर्छ।

आगामी दिनमा यस गाउँपालिकाले शैक्षिक सुधार घोषणापत्र तयार पारी विभिन्न निकायको भूमिका तथा जिम्मेवारी अन्तर्गत प्र.अ. र शिक्षकको भूमिका तथा जिम्मेवारी तोकी शिक्षकलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाउने अभ्यास गर्ने छ।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।

यस पालिको सामुदायिक बिद्यालयमा शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १२७.७१, कक्षा ६-८ मा १४५.५६, कक्षा ९-१० मा १०९ र कक्षा ११-१२ मा १९२ रहेको छ। अधिकांश बिद्यालयमा आधारभूत तहका शिक्षक अप्राप्त रहेकोले विद्यालयले प्र.वि. दरबन्दीका शिक्षकलाई निम्न माध्यमिक तहमा परिचालन गरेको र प्रा.वि. तहको शिक्षकको आवश्यकतालाई बालबिकाश सहजकर्ता र विद्यालयका परिचरबाट पूर्ति गर्नु परेको बाध्यता छ। गत आर्थिक बर्षमा शिक्षा बिकाश तथा समन्वय इकाइ सर्लाहीले यस गाउँपालिकासंगको सहकार्यमा शिक्षक समायोजन तथा दरबन्दी मिलानको कम सम्पन्न गरिसकेकोले र सङ्घीय सरकारबाट मांग अनुसारको शिक्षक आपूर्ति हुने आश गरिएको र तत्कालको लागि यस गाउँपालिकाले स्वयंसेवक शिक्षक परिचालन गर्ने योजना बनाएको छ।

**शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन् :**

१. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु।
२. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।
३. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
५. शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न।
६. समयमा कक्षाकोठाभित्र शिक्षकको नियमितता र गुणस्तरीय शिक्षण हुन् नसक्नु।
७. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयंसेवक सूची प्रकाशन गर्नु।

**३.७.३ उद्देश्य**

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्:

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु ।
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु ।
३. सबै तहमा योग्य, दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु ।
४. पालिका अन्तर्गत स्वयम् सेवकक शिक्षकको छनोट गर्नु ।
५. कक्षाकोठामा शिक्षकको नियमितताको लागि निरन्तर अनुगमन र शिक्षकको पेशागत सहयोग प्रणालीको विकास ।

### ३.७.४ रणनीतिहरू

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन गरिनेछ ।
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी तालिम सञ्चालन गरिने छ ।
४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ । यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ ।
६. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ ।
७. शिक्षकको पेसागत performance को आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।
८. ५ वर्षे सेवा निरन्तरता संझौता गरि क्षमतावान् तथा मेधावी शिक्षकलाई एम्.फिल. वा विद्यावारिधिका लागि छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिइने छ ।

### ३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने ।

**ख) नतिजा**

१. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्षे करार सूची प्रकाशन गरिनेछ ।
२. शिक्षण पेशा प्रतिस्पर्धी र सम्मानित हुनेछ ।
३. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने ।
४. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा आपूर्ति हुने ।
५. क्षमतावान् तथा मेधावी शिक्षकले एम्.फिल्. वा विद्यावारिधिका अवसर पाएका हुनेछन् ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ३.६ शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | | | | | | | | |
| | स्वयम् सेवक शिक्षक तयारी | संख्या | ८ | ८ | ८ | ८ | ८ | ५० | गाउँपालिका |
| | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | शिक्षक तयारी | | | | | | | | |
| | नवनियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | | १ | | १ | | ३ | संघ प्रदेश/गाउँपालिका |
| ३ | शिक्षण सिकाइ क्रियाकलाप | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | | १ | | | | १ | गाउँपालिका |
| | उपचारात्मक शिक्षण पद्धति | निरन्तर | | | | | | | विद्यालय |
| | एक विद्यालय एक पुस्तकालय | संख्या | २ | २ | २ | २ | २ | १० | संघ प्रदेश/गाउँपालिका |
| | एक विद्यालय एक ICT ल्याव | संख्या | | १ | १ | २ | २ | १० | संघ प्रदेश/गाउँपालिका |
| | शिक्षक पेशागत सहयोग पद्धति | निरन्तर | | | | | | | संघ प्रदेश/गाउँपालिका |
| | शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास र प्रयोग | पटक | | १ | | | | २ | गाउँपालिका |
| | पेशागत शैक्षिक अवलोकन | निरन्तर | | | | | | | गाउँपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | | १ | | १ | | ३ | गाउँपालिका |
| | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | संख्या | | ५ | ५ | | | १४ | गाउँपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | | | | | | | |
| | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | १० | १० | १० | १० | १० | १० | गाउँपालिका |
| | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | | | १ | १ | १ | ४ | गाउँपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | | | | | १ | संघ प्रदेश/गाउँपालिका |

## ३.८ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.८.१ परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो । सिकाइ कोक्रोदेखि मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो । विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ । समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन् । समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्दै उनीहरुको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ । औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन । अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरीमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो । गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन । जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो ।

### ३.८.२ वर्तमान अवस्था

यस पालिकामा विगतमा प्रौढ शिक्षा कार्यक्रम सञ्चालन भएको तथा उक्त कार्यक्रम पश्चात् २०६२ सालदेखि पालिका भरमा २ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा आएका छन् । जसले निरन्तर रुपमा अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र निरन्तर शिक्षाका बारेमा काम गर्दै आएका छन् । हाल सम्म यस पालिकामा सा.सि.के. र अन्य साक्षरता सम्बन्धी कार्यक्रमहरुबाट १३८ जना साक्षर भएका छन् भने पूर्ण रुपमा निरक्षर १२१२१ रहेका छन्, जुन कूल जनसंख्यको ५५ प्रतिशत हुन आउँछ । लेखपढ गर्न सक्ने जनसंख्या ९८१६ रहेको छ । बिष्णुको कूल साक्षरता ४०.७१ प्रतिशतमा ३०.०३ प्रतिशत महिला रहेका छन् ।

**अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छ :**

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित ।
२. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन ।
३. मौलिक तथा परम्परागत सस्कृतिको पहिचान, संरक्षण प्रवर्धन ।
४. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु ।
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु ।
६. पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास
७. व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र, घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने ।
८. सहजकर्ताको क्षमता विकास ।

### ३.८.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. साक्षर बिष्णुको रूपमा विकास गर्नु ।
२. साक्षरतालाई सीपसँग आवद्ध गरि रोजगारका अवसर प्रदान गर्नु ।
३. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गर्ने ।

### ३.८.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ :

१. साक्षर नेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, टोल विकास, राजनैतिक दल, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछ ।
२. सामुदायिक तथा घुम्ती पुस्तकालय पहुँचको अभिवृद्धि गरिनेछ ।
३. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरीनेछ ।
४. स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरि स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै लानेछ ।
५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार गरिने छ ।
६. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरि समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रूपमा विकास गरिनेछ ।

### ३.८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।

**ख) प्रमुख नतिजाहरू**

१. साक्षर बिष्णु गाउँपालिकाको रुपमा विकास हुने ।
२. लक्षित बर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने ।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने ।
४. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने ।
५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार हुने ।
६. स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ३.७ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरु*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण संकलन | पटक | १ | | | | | २ | गाउँपालिका |
| २ | साक्षर विष्णु | वडागत | | | २ | २ | २ | ८ | गाउँपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | संख्या | | १ | १ | १ | १ | ८ | गाउँपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसग आवद्ध गर्ने | पुस्तकालय | | | | | | २ | गाउँपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | | | १ | | १ | ४ | गाउँपालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत  संघसस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | | सा. सि.के. |
| ७ | विज्ञ समूह निर्माण | पटक | | १ | | | १ | २ | सा. सि.के. |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | | १ | १ | १ | ८ | सा. सि.के. |
| ९ | परिचालकको क्षमता विकास | संख्या | | १ | १ | १ | १ | ८ | गाउँपालिका |

# परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लगायत पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक व्यवस्थापन तथा विकाससँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ। परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चार लगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुऱ्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालयको भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

## ४.२ शैक्षिक समता र समावेशीकरण

### ४.२.१ परिचय

विष्णु गाउँपालिका सामाजिक, आर्थिक, सास्कृतिक विविधता भएको स्थानीय तह हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। मधेशी समुदायको मुख्य वसोबास रहेको यस क्षेत्रमा ३५ किसिमका जातजातिहरुको बसोबास रहेको छ। जसमा यादव, कोइरी, तेली, चमार, कल्वार, कुम्हार, धोबी, खत्वे, दुसाध, नुनिया र ब्राह्मण/ क्षेत्री लगायतका जातजातिको बाक्लो उपस्थिति रहेको छ। साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको २०.५३ प्रतिशत कम रहेको छ, साथै जातीयताका आधारमा हेर्दा मधेशी, दलित, जनजाति, ब्राह्मण/क्षेत्री र मुस्लिमको क्रमशः ६१.१४, २४.०६, १.४१, १०.२० र ३.१८ प्रतिशत रहेका छन्।

### ४.२.२ वर्तमान अवस्था

यस पालिकामा लैङ्गिक अनुपात ०.९२ प्रतिशत रहेको छ। नगर कार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न संघ संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। आधारभूत तह कक्षा १-५ मा १.१६, कक्षा ६-८ मा ०.९९, कक्षा ९-१० मा १.२७ र कक्षा ११-१२ मा ०.८९ प्रतिशत लैङ्गिक समता सूचक रहेको छ। यसै गरि सामुदायिक विद्यालयमा महिला शिक्षक अनुपात ०.५८ रहेको छ।

**शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :**

१. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिस्चित गर्नु ।
२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने ।
३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने ।
४. विद्यालयमा विभेदरहित बालमैत्री बनाउने ।

### ४.२.३ उद्देश्यहरू

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने ।
२. शैक्षिक सुशासन कायम गर्ने ।
३. विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री बनाउने ।
४. महिला शिक्षकको संख्या बृधिमा गर्ने ।

### ४.२.४ रणनीतिहरू

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सो अनुसार प्रबन्ध मिलाइने छ ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ ।
३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ ।
४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ ।
५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ ।
६. लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने ।
७. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने ।
९. शिक्षक भर्ना तथा नियुक्तीमा महिलालाई प्राथमिकता दिने ।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय  शिक्षा निश्चित भएको हुने।

**ख) नतिजा**

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने ।
३. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने ।
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने ।
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने ।
६. मातृभाषामा  सिकाइको अवसर प्रदान गरिने ।
७. महिला शिक्षकको संख्यामा बृधि हुने छ ।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ४.१ शैक्षिक समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | | २ | गाउँपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | १ | १ | | | ३ | सा.सि.के. |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | | | | | | | गाउँपालिका |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | | | | | | | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | | | ३ | | ३ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | मातृभाषामा  सिकाइको अवसर प्रदान गरिने। | निरन्तर | | | | | | | विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | | | | | | | विद्यालय |
| ८ | महिला शिक्षकको संख्यामा बृधि | जना | | ५ | ५ | ५ | ५ | २० | संघ/ प्रदेश/ गाउँपालिका |
| ९ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | आवश्यकता अनुसार | | १ | | १ | १ | ५ | संघ/ प्रदेश/ गाउँपालिका |

### ४.३ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

#### ४.३.१ परिचय

नेपालमा सन् १९७४ देखि छनौटमा परेका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिक देखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ । नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७/७८ मा यो लगानी करिब ८ अरब पुगेको छ । नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन् ।

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घर/कोठाको प्रबन्ध नै छैन भने भएकाहरू मध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ । विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद, जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ।

#### ४.३.२ वर्तमान अवस्था

आ.व. २०७६/०७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात् यस पालिकाका कक्षा १-५ सञ्चालित १२ विद्यालय मार्फत ४८१६ विद्यार्थी लाभान्वित भएका छन्, साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएकोछ ।

सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु १० र महिला शिक्षक शौचालय १० वटा छन् । खानेपानीको आफ्नै श्रोत भएका विद्यालय १२ विद्यालय छन् । विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ ।

**दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरीएको छ :**

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने ।
२. सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्ने ।
३. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने ।
४. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु ।
५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने ।

६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने ।

### ४.३.३ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ :

१. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने ।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिने ।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने ।
४. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।
५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने ।

### ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने ।

**ख) प्रमुख नतिजाहरू**

१. विद्यालय दिवा खाजा कार्यविधि २०७७, अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने ।
२. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थयकर्मी परिचालन हुने ।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका  सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने ।
४. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने ।
५. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने ।
६. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि २०७७ अद्यावधिक र परिमार्जन | पटक | | १ | | | | २ | गाउँपालिका |
| २ | एक विद्यालय एक स्वास्थ्यकर्मी | संख्या | | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | | | १० | | | १२ | गाउँपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | | ६-८ | | | | | विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | १ | १ | १ | १ | २ | १२ | विद्यालय |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | निरन्तर | | | | | | | विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | | १२ | | | | १२ | विद्यालय |
| ८ | अभिभावक आमा समूह | संख्या | २ | १ | १ | १ | १ | १२ | विद्यालय |

## ४.४ छात्रवृत्ति

### ४.४.१ परिचय

विद्यालय शिक्षामा विद्यार्थीहरुको सहभागिता वृद्धि गरि सिकाइलाई निरन्तरता दिन तथा विद्यालय वाहिर रहेका सामाजिक तथा आर्थिक रुपले पिछडिएका वर्गहरुलाई विद्यालय शिक्षामा सुनिश्चित गर्न अगाडि सारिएको उत्प्रेरणामूलक कार्य छात्रवृत्ति हो। जसले लक्षित समुदायहरु गरीब, सुविधाविहिन, अपाङ्गता तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ। छात्रवृत्ति लगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधाविहिन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरि समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ। यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेसनरी लगायतका सामग्रीहरू, दिवा खाजा इत्यादि उपलब्ध हुन नसकी विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ। यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तहमा अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ। त्यसै गरि यसबाट विद्यालयमा उपस्थित हुन र सिकाइमा सक्रियतापूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुने भएकाले बालबालिकाको सिकाइ सुधार गरि शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान हुन्छ। विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि प्रदान गरिने यस्ता छात्रवृत्ति तथा प्रोत्साहनहरू मूलतः गरीबी केन्द्रित हुन आवश्यक छ।

### ४.४.२ वर्तमान अवस्था

नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि विभिन्न किसिका छात्रवृत्तिहरु प्रदान गर्दै आएको छ। यस पालिका अन्तर्गत आधारभूत तह कक्षा १-८ मा अध्ययनरत ३५८५ जना दलित छात्र र सबै बर्गका छात्राहरुलाई शैक्षिक सत्र २०७८ छात्रवृत्ति प्रदान गरिएको छ र यसका लागि १४३४००० रकम विद्यालयलाई निकासा पठाईएको छ। यस पालिकामा विभिन्न विद्यालयमा अध्यनरत वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई विभिन्न दाता तथा संघ सस्थाले प्रोत्साहन स्वरुप छात्रवृत्तिहरु प्रदान गर्दै आइरहेका छन्। यस गाउँपालिकाले आधारभूत तहको अन्तिम परीक्षामा उत्कृष्ट नतिजा ल्याउने गाउँपालिका भरिका १/१ छात्र र छात्रालाई पुरस्कार स्वरुप नगद वितरण गर्ने योजना बनाएको छ भने सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८-१२ का विद्यार्थीकोले शैक्षिक सत्र २०७७ मा PMT फारामका आधारमा प्रदान गरिने छात्रवृत्ति नपाएको देखिएकोले विद्यालयले सो प्रति सचेत रहनुपर्ने देखिन्छ।

**छात्रवृत्तिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरीएको छ :**

१. छात्रवृत्तिको रकम ज्यादै न्यून हुनु।
२. जात र लिङ्गलाई महत्व दिइ छात्रवृत्ति वितरण गर्नु।
३. छात्रवृत्ति सहित सामुदायिक आवासीय विद्यालय व्यवस्थापन गर्नु।
४. छात्रवृत्ति वितरण र प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु।

### ४.४.३ उद्देश्य

१. लक्षित वर्ग पहिचान गरि बालबालिकाहरूलाई सिकाइमा सहभागिता र उपलब्धि बढाउने।
२. विद्यालय शिक्षामा समानता र समता वृद्धि गरी समावेशी बनाउने।

## ४.४ रणनीतिहरू

१. लक्षित वर्ग पहिचान गरी छात्रवृत्ति वितरण गरिनेछ।
२. विद्यालय र समुदायको सहभागितामा प्रत्येक विद्यालयमा छात्रवृत्ति व्यवस्थापन समिति र दिवा खाजा व्यवस्थापन समिति गठन गरिनेछ।
३. स्थानीय तहले कक्षा १० का मेधावी विद्यार्थी पहिचान गरी निःशुल्क प्राविधिक उच्च शिक्षाको अवसर प्रदान गर्ने।
४. निःशुल्क प्राविधिक उच्च शिक्षाको अवसर पाएका विद्यार्थीले अध्ययन पश्चात् ५ वर्ष आफ्नो क्षेत्रमा रोजगारीको अवसर प्रदान गर्ने।

## ४.४. उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने।

**ख) प्रमुख नतिजाहरु**

१. लक्षित वर्ग पहिचान गरि एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्वयन हुने।
२. आर्थिक रुपमा पिछडिएका वर्गलाई छात्रवृत्ति वितरण गरिने।
३. सामुदायिक आवासीय विद्यालय छात्रवृत्ति सहितको हुने।

### ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ४.३ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | छात्रवृत्ति छनोट र वितरण कार्यविधि विकास | पटक | ० | १ | | | | २ | गाउँपालिका |
| २ | छात्रवृत्ति र दिवा खाजा व्यवस्थापन समिति गठन | संख्या | ० | ५ | ७ | | | १२ | विद्यालय |
| ३ | अत्ति बिपन्न विद्यार्थीलाई समेत छात्रवृति प्रदान गर्ने | रकम | | १५० | १५० | १५० | १५० | १५० | गाउँपालिका |
| ४ | दलित र छात्राको छात्रवृति रकमको बढोत्तरी | प्रतिशत | | १० | ५ | ५ | ५ | ५० | प्रदेश सरकार र गाउँपालिका |
| ५ | अनुगमन तथा मूल्याङ्कन | संख्या | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८० | गाउँपालिका |

## ४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

### ४.५.१ परिचय

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनुपर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन् । विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।
यस खण्डमा मूलत: तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :

- क) प्राकृतिक प्रकोप: भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि ।
- ख) महामारी: झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू ।
- ग) युद्ध, द्वन्द्व, विस्थापन: आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा सहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।
यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान

गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा भर्चुअल कक्षा, फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो । विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ । विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स. ले पनि विपदप्रति सचेतना जगाउदै आएका छन् । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ ।

**परिस्थितिजन्य शिक्षाका चुनौतीहरू :**

१. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्ने ।
२. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु ।
३. संकटको क्षेत्र पहिचान गर्नु ।
४. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु ।
५. योजना निर्माणको प्रक्रिया र सहभागिता ।

### ४.५.३ उद्देश्यहरू

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।
२. सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने ।

### ४.५.४ रणनीतिहरू

१. स्थानीय सरकारले संकटको पहिचान र मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने छन् ।
२. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ ।
३. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथाम र पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ ।
४. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ ।
५. विद्यालय शान्ति क्षेत्र कायम गरी यस प्रति सरोकारवालालाई जिम्मेवार बनाइनेछ ।
६. बिद्यालय बन्दका समय भर्चुअल कक्षा, टोल शिक्षा संचालन गरि सिकाई क्षति न्यूनीकरण गरिनेछ ।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

जुनसुकै परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने ।

**ख) नतिजा**

१. विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने ।
२. स्रोतको व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने ।
३. महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने ।

### ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ४.४ परिस्थितिजन्य शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | योजना | | १ | | | | २ | संघ/ प्रदेश/ गाउँपालिका |
| २ | क्षमता विकास | संख्या | | | १० | | | १२ | गाउँपालिका |
| ३ | मापदण्ड अनुसारको भौतिक पूर्वाधार | निरन्तर | | २ | २ | १ | २ | १२ | संघ/ प्रदेश/ गाउँपालिका |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | | ५ | १० | १५ | २० | ५० | गाउँपालिका |
| ५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | संख्या | २ | १ | १ | १ | २ | १० | गाउँपालिका |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस | संख्या | | २ | २ | १ | १ | १२ | गाउँपालिका |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.२ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय २१ मध्ये १२ सामुदायिक तथा मदरसा र ९ संस्थागत विद्यालयहरु छन्। सामुदायिक विद्यालय तर्फ ३१ भवन रहेकोमा १९ वटा पक्की भवन छन् जसमा सामुदायिक तर्फ ९२ वटा कक्षाकोठा पक्की छन्। सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु १०, छात्र शौचालय १० तथा महिला शिक्षक शौचालय ५ वटा छन्। खानेपानीको आफ्नै श्रोत सबै १२ विद्यालयमा उपलब्ध छन्। विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ। पालिका भरमा १० वटा विद्यालयमा पुस्तकालय, २ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, २ विद्यालयमा कम्प्युटर प्रयोगशाला र १० वटा विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा १० विद्यालयमा स्टाफ कोठा, २ विद्यालयमा स्टोर कोठा, ९ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन्। यस पालिकामा २ वटा विद्यालयमा ४ कोठे पक्की भवन निर्माण भएका छन्। ८ विद्यालयमा पर्खाल सहितको घेरबार भएको छ भने ६ विद्यालयमा प्रवेश गेट निर्माण हुने क्रममा रहेका छन्।

**विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन् :**

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।
२. पूर्वाधार विकासकालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।
३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।
४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु।
५. पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

### ४.६.३ उद्देश्य

१. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।

२. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउने।

### ४.६.४ रणनीतिहरू

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ।
३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजा घर लगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ।
६. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ।
७. आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

क) उपलब्धि

सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

### ख) नतिजा

१. माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने।
२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यास सहित कार्यान्वयन प्रारूप विकास हुने।
४. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।
५. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने।
६. विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने।
७. सबै विद्यालयको क्षेत्रभित्र घेरबार र प्रवेश गेट निर्माण भएको हुने।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

*तालिका ४.५ विद्यालय भौतिक पूर्वाधार विकासकाप्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | १ | | | | २ | गाउँपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | १ | | | ३ | गाउँपालिका |
| ३ | अपाङ्गमैत्री बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक ,पूर्वाधार निर्माण | संख्या | | | २ | २ | २ | १२ | गाउँपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | | | | | | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | | | | | | | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन | आवश्यक | | | | | | | गाउँपालिका |

## ४.७ शिक्षामा सूचना र प्रविधि

### ४.७.१ परिचय

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ । २१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ । अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ । विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी शुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन् ।

हालको कोभिड-१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेको छ । नेपाल सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले मिति २०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ । यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ । वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको छ ।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनुपर्दछ ।

### ४.७.१ वर्तमान अवस्था

बिष्णु गाउँपालिका सबै विद्यालयमा विद्युतको पहुँच छ भने कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा भएका विद्यालयहरु क्रमशः २ र १० वटा रहेका छन् । यस पालिकामा २ वटा विद्यालयका ३२ जना शिक्षक कर्मचारीले शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरेका छन् भने प्राय अधिकांस शिक्षकहरु प्रविधिको पहुँचमा रहेको देखिन्छ । आ.व. २०७७/०७८ मा ३ दिने विद्यालय जिन्सी लेखा तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तालिम यस पालिकाले सञ्चालन गरेको थियो ।
शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ -

१. सबै विद्यालयहरूमा प्रविधि सम्बन्धी आधारभूत संरचना विस्तार गर्न ।
२. विस्तार गरिएका ई-पुस्तकालयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ।
३. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न ।
४. प्रविधि सम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न ।
५. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न ।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न ।
७. स्थानीय स्तरमा अडियो, भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियता बढाउने ।

### ४.७.३ उद्देश्यहरू

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।
२. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।

### ४.७.४ रणनीतिहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रबन्ध गरिने।
२. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ।
४. सबै विद्यालयहरूमा सि.सि. क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिनेछ।
५. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ।
६. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
७. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
८. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।
९. विद्युत्तीय पुस्तकालयलाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ।
१०. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ।

### ४.७.५ नतिजा, क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने।

**ख) नतिजा**

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना सञ्चालन हुने।
२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।
३. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालनका लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभ हुने।
४. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने।
५. प्रत्येक वडामा एक फ्रि वाई-फई चौतारी निर्माण गर्ने।
६. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
७. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा  विस्तार हुने।
८. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

*तालिका ४.६ शिक्षामा सूचना र प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रविधि सम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | २ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| २ | पूर्णकालिन ICT शिक्षक व्यवस्थापन ,डिजिटल ल्याव स्थापना | संख्या | | | १ | | | २ | प्रदेश/गाउँपालिका |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | २ | १ | १ | १ | १ | १० | विद्यालय |
| ४ | ईपुस्तकालय- आद्यावधिक र विस्तार | संख्या | | १ | १ | १ | १ | १० | गाउँपालिका |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोनका साथै पेनड्राइभको पहुच | प्रतिशत | | १० | १० | १० | १० | ७० | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | संख्या | | | २ | १ | १ | ४ | गाउँपालिका |
| ७ | फ्रि वाई-फाई चौतारी | वडा | | १ | १ | १ | १ | ८ | गाउँपालिका |
| ८ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | | | | | | | गाउँपालिका |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | | | | | | | गाउँपालिका |
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | | | | | सबै | | | संघ/ प्रदेश/ गाउँपालिका |

# परिच्छेद पाचः सुशासन तथा व्यवस्थापन

## ५.१ परिचय

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य मान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसैगरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ। यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

## ५.२ संस्थागत संरचना र क्षमता विकास

### ५.२.१ परिचय

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर

संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार; प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ ।

### ५.२.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् । यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ । पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन् ।

### ५.२.३ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने
२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने
३. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने
४. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने

### ५.२.४ रणनीतिहरू

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने
२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने

३. समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने
४. विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने
२. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने
३. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने, संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने
४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

*तालिका ५.१ संस्थागत संरचनाका लागि प्रमुख क्रियाकलाप र लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | २ | ३ | ४ | २ | २ | ७ | स्थानीय तह |
| २ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | ० | १ | ० | ० | ० | १ | स्थानीय तह |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | ५ | ४ | ३ | ३ | ३ | १३ | स्थानीय तह |
| ४ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिमवेवार वनाउने | संख्या | ५ | ४ | ३ | ३ | ३ | १३ | स्थानीय तह |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | ५ | ४ | ३ | ३ | ३ | १३ | स्थानीय तह |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्र/वडा | १ | २ | २ | २ | २ | ९ | स्थानीय तह |
| ७ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | ५ | ४ | ३ | ३ | ३ | १३ | स्थानीय तह र विद्यालय |
| ८ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | ५ | ४ | ३ | ३ | ३ | १३ | स्थानीय तह |

## ५.३ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध

### ५.३.१ परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन्। यसैगरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम, कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन्। नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु आवश्यक। कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपना, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

### ५.३.२ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नुपर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहेका छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ। हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन् :

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।
६. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने।

### ५.३.३ योजना कार्यान्वयनको प्रबन्ध

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकार्य गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

स्थानीय तह :

१. विष्णु गाउँपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
२. विष्णु गाउँपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।
३. विष्णु गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन्।
४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार विष्णु गाउँपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।
५. विष्णु गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।
६. विष्णु गाउँपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिकास्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय :**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।
३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।
४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।
५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।
६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने।
७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

**समुदायिक सिकाइ केन्द्र :**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने ।
१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।
२. सा.सि.के. ले विषयगत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ५.४ अनुगमन तथा मूल्याङ्कन

### ५.४.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोतसाधनको विनियोजन, वितरण, लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरू कार्यतालिका अनुसार कार्यान्वयन, लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

### ५.४.२ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । दीगो विकासको शिक्षा सम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, विष्णु गाउँपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ । वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन सम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ । उल्लिखित विश्लेषणका आधारमा यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमनकर्ताको विकास गर्नु ।
२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधनस्रोतको प्रबन्ध गर्नु ।
३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु ।
४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु ।
५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु ।
६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।
७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु ।

### ५.४.३ उद्देश्य

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु ।
३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलव्धि हासिल गर्नु ।
४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु ।

### ५.४.४ रणनीतिहरू

१. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने
२. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने
४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने
५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने
६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने
७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने
८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने
९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने

### ५.४.५ सिकाइ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने ।

**ख) प्रमुख नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

## ग) अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरु

*तालिका ५.२ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलाप र लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | स्थानीय तह |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु अध्यावधिक गर्ने | पटक | ० | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ३ | ३ | ४ | ५ | ५ | ५० | स्थानीय ,प्रदेश र संघ सबै) (विद्यालयमा |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समिक्षा र प्रतिवेदन (चौमासिक/बार्षिक) | पटक | ३/१ | ३/१ | ३/१ | ३/१ | ३/१ | १५/५ | स्थानीय तह र विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | २ | २ | २ | २ | २ | १२ | विद्यालय |
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | ० | २ | २ | २ | २ | १४ | स्थानीय तह |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ० | ३ | ३ | ३ | ३ | ९ | स्थानीय तह |
| ८ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र विद्यालय |

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्नु नै शिक्षामा लगानी गरिएको हो । शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ। शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भएतापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ । पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ६.२ वर्तमान अवस्था

विष्णु गाउँपालिकाको आ.व. २०७७/७८ को कूल बजेट मध्ये रु. ६४६००००० (४४.०९ प्रतिशत) शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट विनियोजन गरेको छ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ।

### शिक्षामा राज्यको लगानीको अवस्था

नेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो। कूल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो । विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि

महत्त्वपूर्ण अंश रहेको छ। विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कूल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ। विगत ५ वर्षको शिक्षाको बजेट देहायअनुसार रहेको छ।

***तालिका ६.१ विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप (बजेट रु करोडमा)***

| आ.व. | शिक्षा बजेट | बैदेशिक सहायता रकम | बैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट बृद्धि प्रतिशत | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत | कुल संघीय बजेटमा शिक्षा जेटको अंश | कुल स्थानीय बजेटमा शिक्षा वजेटको अंश |
|---|---|---|---|---|---|---|---|
| २०७३/७४ | ११,६३६ | १०३४ | ८.८८ | १७.९६ | ४.१ | ११.१ | |
| २०७४/७५ | १२,६६४ | १०९६ | ८.६५ | ८.८४ | ४.२ | ९.९ | |
| २०७५/७६ | १३,४५१ | १२८७ | ९.५७ | ६.२१ | ४.१ | १०.२ | |
| २०७६/७७ | १६,३७६ | १७४६ | १०.६६ | २१.७४ | ४.४ | १०.६ | |
| २०७७/७८ | १७१७१ | २४५१ | १४.२८ | ४.८६ | ४.३ | ११.७ | |

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आ.व.को बजेट पुस्तिका)

**शिक्षामा निजी लगानी :**

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालयमा पढ्ने विद्यार्थी सङ्ख्या कूल विद्यार्थी सङ्ख्याको २५ प्रतिशतभन्दा बढी रहेको छ। प्रारम्भिक बालविकास शिक्षामा ५० प्रतिशत भन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा रहेका छन्। निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थामा सरकारी लगानी प्रत्यक्ष रूपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ।

***तालिका ६.३ नेपालमा प्रति विद्यार्थी लगानीको तुलनात्मक अवस्था***

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रु. | | कैफियत |
|---|---|---|---|
| | सार्वजनिक | नीजि | |
| बालविकास शिक्षा | ३६०२ | १७,३३६ | |
| प्राथमिक तह (१-५) | ११,५३६ | २०,२५४ | |
| आधारभूत तह (६-८) | ११,२५१ | १९,९८४ | |
| माध्यमिक तह (९-१०) | १०,६८१ | ३१,६९६ | |
| माध्यमिक तह (११-१२) | १६,५५६ | ३५,७५२ | |

स्रोतः NCE Nepal (Cited from UNESCO/ILEP and MOE,2018)

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरीएको छ :

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने।
२. संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास गर्ने ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने ।
५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दिगोपना सुनिश्चित गर्ने ।
६. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।
७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने ।
८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने ।
९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने ।
१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने
११. वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने
१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न ।

### ६.३ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् :

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।
५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

### ६.४ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन् :

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ-आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने ।
२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।
३. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख इकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।

४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइने छ।
२. नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।
३. उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च  गरिनेछ।
४. सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ।
५. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ।
६. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ।
७. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ।
८. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।

### ६.५ स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा अपेक्षा र नीतिका आधार तथा स्रोत उपलब्धताको अनुमान जस्ता दुई मूलभूत प्रक्रिया बीचमा सामानजस्य गर्ने प्रयास हुन्छ। नागरीक अपेक्षा, राष्ट्रिय प्रतिवद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका राष्ट्रिय नीति तथा कार्यक्रमलाई उचित रूपमा सम्बोधन गर्न स्रोतको आकलन गर्नपर्ने हुन्छ। त्यसरी आंकलन गरीएको स्रोत कति हुन्छ र हामीसँग सामथ्र्य के कति छ त्यो पनि सँगसँगै विश्लेषण गरीन्छ। सामान्यतया राष्ट्रिय सामर्थ्य कूल गार्हस्थ उत्पादनलाई आधार बनाई निकालिन्छ।

*तालिका ६.६ कुल गार्हस्थ उत्पादनका आधारमा स्रोतको आंकलन*

| क्र. सं. | विवरण | २०२०/२१ | २०२१/२२ | २०२२/२३ | २०२३/२४ | २०२४/२५ | २०२५/२६ | २०३० |
|---|---|---|---|---|---|---|---|---|
| १. | कूल गार्हस्थ उत्पादनमा बृद्धि % | | | | | | | |
| २ | कूल गार्हस्थ उत्पादन ( रु.लाखमा) | | | | | | | |
| ३. | मुद्रा स्फिति % | | | | | | | |
| ४ | कूल गार्हस्थ उत्पादनको प्रतिशतका रुपमा स्थानीय बजेट | | | | | | | |
| ५ | कूल गार्हस्थ उत्पादनको प्रतिशतका रुपमा शिक्षामा लगानी | | | | | | | |
| ६. | कूल स्थानीय बजेटमा शिक्षा बजेटको प्रतिशत (कार्यक्रमगत) | ४४.०९ | ४५ | ४६ | ४७ | ४८ | ४९ | ५० |

## ६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

विष्णु गाउँपालिकाले १० वर्षका लागि तयार गरेको शिक्षा क्षेत्रको योजना (२०७८-२०८७) मा विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रम अनुसार बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम् सक्षमताका मापदण्ड पूरा गरि गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ। माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यवसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ। आधारभूत तहमा पाँच वर्षमा सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम् सक्षमताका मापण्ड पूरा गर्ने भने माध्यमिक तहमा दश वर्षभित्र सबै विद्यालयमा यो मापदण्ड पूरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ। विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ। पाठ्यक्रमको सान्दर्भिकता बढाउने. पाठ्यपुस्तक सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता तथा समवेशितामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरू मध्ये केहीलाई आवासीय प्रबन्धसहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्तिका लागि पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ।

*तालिका ६.७ विद्यालय क्षेत्रअन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट (लाखमा)*

| क्र.स. | उपक्षेत्र | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | ५ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| 1 | बाल विकास र शिक्षा | 20 | 20 | 20 | 20 | 20 | 100 |
| 2 | आधारभूत शिक्षा | 3 | 3 | 4 | 4 | 4 | 18 |
| 3 | माध्यमिक शिक्षा | 10 | 12 | 15 | 15 | 15 | 67 |
| 4 | उच्च शिक्षा | 0 | 2 | 2 | 3 | 3 | 10 |
| 5 | पाठ्यक्रम तथा मूल्याङ्कन | 5 | 5 | 5 | 2 | 3 | 20 |
| 6 | शिक्षक व्यवस्थापन र विकास | 80 | 80 | 80 | 80 | 80 | 400 |
| 7 | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | 1 | 2 | 2 | 2 | 2 | 9 |
| 8 | शैक्षिक समता र समावेशीकरण | 1 | 2 | 3 | 4 | 5 | 15 |
| 9 | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | 1 | 2 | 2 | 2 | 2 | 9 |
| 10 | छात्रवृत्ति | 0 | 2 | 2 | 3 | 4 | 11 |
| 11 | परिस्थितिजन्य शिक्षा | 2 | 3 | 3 | 3 | 3 | 14 |
| 12 | विद्यालयको भौतिक पूर्वाधार विकास | 100 | 100 | 20 | 15 | 10 | 245 |
| 13 | शिक्षामा सूचना र प्रविधि | 2 | 3 | 3 | 3 | 3 | 14 |
| 14 | अनुगमन तथा मूल्याङ्कन | 2 | 3 | 4 | 5 | 5 | 19 |
| | जम्मा रु. लाखमा | 227 | 239 | 165 | 161 | 159 | 951 |

अनुमान पहिलो पाँच वर्षमा लागि जम्मा ९५१ लाख नेपाली रुपैया आवश्यक देखिन्छ जसमा शिक्षक, कर्मचारी तथा सहजकर्ताको कुनैपनि पारिश्रमिक जोडिएको छैन।

प्रस्तावित बजेटमा अपुग स्रोत तथा अपुग स्रोत पूरा गर्ने उपाय यस योजनाका लागि उल्लिखित तालिका ६.७ मा गरीएको बजेट आकलन अनुसार आवश्यक पर्ने स्रोतलाई तालिका ६.६ सँग तुलना गर्दा तालिका ६.६ को तथ्याङ्क उपलब्ध नभएकोले सो तथ्याङ्क प्राप्त भएपछि तालिका ६.७ को बजेट अनुमान फरक पर्न सक्नेछ।

*तालिका ६.८ योजनाको लागि अपुग स्रोतको वार्षिक विवरण*

| अपुग स्रोत | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| रु. लाखमा | ८० | ८० | ८० | ८० | ८० | ४०० | ८०० |

तालिका ६.८ मा उल्लिखित विवरण अनुसार योजना कार्यान्वयनको पहिलो पाँच वर्षका लागि जम्मा ९५१ लाख र १० वर्षको लागि १९०२ लाख स्रोत अपुग हुने देखिन्छ।

*तालिका ६.९ योजनाका लागि अपुग स्रोतका लागि अपेक्षीत सहायताको अनुमान*

| क.सं. | **अनुमानित विकासका साझेदारहरु** | **सहयोग अनुमान (लाखमा)** | **कैफियत** |
|---|---|---|---|
| १ | संघ ३० प्रतिशत | 240 | |
| २ | प्रदेश २० प्रतिशत | 160 | |
| ३ | जिल्ला समन्वय समिति ७ प्रतिशत | 56 | |
| ४ | कल्याणकारी संस्था ८ प्रतिशत | 64 | |
| ५ | गैरसरकारी संस्था २५ प्रतिशत | 200 | |
| ६ | दाता ७ प्रतिशत | 56 | |
| ७ | अन्य ३ प्रतिशत | 24 | |

# परिच्छेद ७ : योजनाको नतिजा खाका

## ७.१ परिचय

विष्णु गाउँपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरेको छ । यस योजनामा गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आकलन गरीएको छ भने दश वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरीएको छ । नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी समेत उल्लेख गरिएको छ ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो । जसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ । यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ । यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ । नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ ।

यस परिच्छेदमा योजनाको समग्र खाका अन्तर्गत अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू तथा उपलब्धिका सूचकहरू समावेश गरीएको छ । त्यसै गरी यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ ।

## ७.२ योजनाको समग्र नतिजा खाका

यस शिक्षा क्षेत्रको योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाका अन्तर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ । त्यसैगरी योजनाको तत्कालीन, मध्यकालीन र दीर्घकालीन तथा उपलब्धिहरू उल्लेख गरीएको छ भने उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ । यसपछिका दुई तालिकामा (तालिका ७.१ र ७.२) नतिजाका प्रमुख सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू र कार्यक्रम नतिजा सूचकहरू समावेश गरिएको छ ।

### तत्कालीन उपलब्धि

तालिका ७.१ योजनाको समग्र नतिजा, नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन | ▪ प्रमुख कार्य सम्पादन सूचकहरु,<br>▪ कार्यक्रम नतिजा सूचकहरु | ▪ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>▪ वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>▪ वार्षिक परिक्षणको नतिजा विश्लेषण |
| २ | पोषणयुक्त दिवा खाजा | | |
| ३ | घुम्ती पुस्तकालय सञ्चालन | | |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | |
| ५ | निरक्षरहरुको विवरण संकलन | | |
| ६ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |
| ७ | विद्यालयको मर्मत सम्भार | | |
| ७ | ईपुस्तकालय- अद्यावधिक र विस्तार | | |

## मध्यकालीन उपलब्धि

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | स्नातक तहको अध्ययन | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| २ | प्राबिधिक धारको स्तर उन्नती | | |
| ३ | स्वयंसेवक शिक्षक तयारी | | |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | |
| ५ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | | |
| ६ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | | |
| ७ | User Manual समेतको प्राथमिक उपचार बाकस | | |
| ८ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |

## दीर्घकालीन उपलब्धि

| क्र.सं. | उवपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरीने। | ▪ प्रमुख कार्य सम्पादन सूचकहरु<br>▪ कार्यक्रम नतिजा सूचकहरु | ▪ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>▪ वार्षिक स्थिति प्रतिवेदन<br>▪ वार्षिक अनुगमन प्रतिवेदन<br>▪ विभिन्न तहमा वार्षिक प्रगति प्रतिवेदन<br>▪ वार्षिक परीक्षको नतिजा विष्लेषण |
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि हुने। | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | | |
| ४ | सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर हुने। | | |
| ५ | विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान ,सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने | | |
| ६ | प्रविधिमैत्री , क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने। | | |
| ७ | सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने। | | |
| ८ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित हुने। | | |
| ९ | विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत हुने। | | |

| | | | |
|---|---|---|---|
| १० | आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने । | | |
| ११ | हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरीने । | | |
| १२ | सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने । | | |
| १३ | समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने । | | |
| १४ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने । | | |
| १५ | प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने । | | |

## ७.३ प्रमुख कार्य सम्पादन सूचकहरु (Key Performance Indicators-KPIs)

तालिका ७.२ प्रमुख कार्य सम्पादन सूचकहरु

| क्र. सं. | नतिजा सूचक | आधार वर्ष २०७७ | लक्ष्य | | | | | ०७८/७९ देखि ०८२/०८३ सम्म | ०८३/०८४ देखि ०८७/०८८ सम्म |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | | |
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | कूल भर्नादर | ४६.३ | ५५ | ६५ | ७५ | ८५ | १०० | १०० | १०५ |
| १.२ | ४ वर्ष उमेरका बालबलिकाको भर्ना | ४५.६ | ५३ | ६३ | ७५ | ८२ | ९० | ९० | १०० |
| १.३ | बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित ३० दिने तालिम | ० | १० | १० | १० | १० | १० | ५० | १०० |
| १.४ | कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हुने बालबालिका | ५५.५ | ६० | ७० | ७५ | ८० | ९० | ९० | १०० |
| १.५ | आवश्यक न्यूनतम योग्यता | ९५ | ९६ | ९७ | ९८ | ९९ | ९९ | ९९ | १०० |
| २. | **आधारभूत शिक्षा** | | | | | | | | |
| २.१ | कक्षा १ मा कूल भर्नादर | १२२.१ | १२१ | ११७ | ११३ | १०८ | १०६ | १०६ | १०० |
| २.२ | कक्षा १ मा खुद भर्नादर | ९८.९ | ९८.९ | ९८.९ | ९८.९ | ९८.९ | ९९ | ९९ | ९९ |
| २.३ | कक्षा १-५ मा कुल भर्नादर | ११०.३ | १०७.५ | १०७.४ | १०७.३ | १०७.२ | १०७.१ | १०७.१ | १०७ |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | ९८.३ | ९८.२ | ९८.५ | ९८.८ | ९९ | १०० | १०० | १०० |
| २.५ | कक्षा १-८ मा कूल भर्नादर | १०३.२ | १०३.५ | १०३.७ | १०३.९ | १०४ | १०५ | १०५ | ११० |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | ९० | ९१ | ९३ | ९५ | ९७ | ९९ | ९९ | १०० |
| २.७ | आधारभूत तहमा लैङ्गिक समता सूचकाङ्क | १.१५ | १.१२ | १.१० | १.०५ | १.०२ | १. | १. | १. |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.८ | आधारभूतहको कक्षा ८ सम्म टिकाउ दर | ८६.२ | ९०.१ | ९२.३ | ९४.४ | ९६.५ | ९८.९ | ९८.९ | ९९.५ |
| २.९ | आधारभूतह पूरा गर्ने दर | ८४.५ | ८६ | ९० | ९३ | ९५ | ९८.७ | ९८.७ | ९९ |
| २.१० | ५-१२ उमेर समूहका विद्यालय बाहिर रहेको संख्या | ३.७ | ३.५ | ३.३ | ३ | २ | १ | १ | ० |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कूल भर्नादर | ८०.२ | ८५ | ९० | ९४ | १०० | १०५.९ | १०५.९ | १०९ |
| ३.२ | कक्षा ९-१० मा खुद भर्नादर | ६७.३ | ७० | ७४ | ७७ | ८० | ८१.४ | ८१.४ | ९६.४ |
| ३.३ | कक्षा ११-१२ मा कूल भर्नादर | ८२.४ | ५० | ५५ | ५० | ७० | ७७.३ | ७७.३ | ८५.८ |
| ३.४ | कक्षा ११-१२ मा खुद भर्नादर | ५१.२ | ३० | ३५ | ३८ | ४० | ४०.१ | ४०.१ | ६२.२ |
| ३.५ | कक्षा ९-१२ मा कूल भर्नादर | ८२.४ | ८४ | ८५ | ८७ | ८९ | ९१.६ | ९१.६ | ९७ |
| ३.६ | कक्षा ९-१२ मा खुद भर्नादर | ५१.२ | ५२ | ५३ | ५४.५ | ५६ | ५८.१ | ५८.१ | ७२.१ |
| ३.७ | माध्यमिक तहको कक्षा १० टिकाउ दर | ७९.५ | ८२ | ८५ | ८८ | ९३ | ९७.९ | ९७.९ | ९९ |
| ३.८ | माध्यमिक तहमा लैङ्गिक समता सूचकाङ्क | ०.८७ | ०.९३ | ०.९५ | ०.९७ | ०.९९ | १. | १. | १. |
| **४.** | **पाठ्यक्रम र मूल्याङ्कन** | | | | | | | | |
| ४.१ | स्थानीय पाठ्यक्रम परीक्षण कक्षा १-५ | ० | ५ | - | - | - | - | ५ | ५ |
| ४.२ | स्थानीय पाठ्यक्रम कार्यान्वयन कक्षा १-५ | ० | ० | २१ | - | - | - | २१ | २१ |
| ४.३ | स्थानीय पाठ्यक्रम परीक्षण कक्षा ६-८ | ० | ० | ४ | - | - | - | ४ | ४ |
| ४.४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन कक्षा ६-८ | ० | ० | ० | ४ | - | - | ४ | ४ |
| **५.** | **शिक्षक व्यवस्थापन र क्षमता विकास** | | | | | | | | |
| ५.१ | आधारभूत तहमा महिला शिक्षक | ६.५२ | १० | २० | ३२ | ४३ | ५० | ५० | ५० |
| ५.२ | माध्यमिक तहमा महिला शिक्षक | ० | ३ | ५ | १० | १५ | २० | २५ | ३० |
| ५.३ | बाल विकासमा न्यूनतम  सिकाइ पूर्वाधार | ० | ५ | १० | ५ | १० | ५ | ३५ | ६५ |
| ५.४ | आधारभूत तहमा न्यूनतम  सिकाइ पूर्वाधार | ० | २ | २ | ४ | ४ | ४ | १६ | १० |
| ५.५ | माध्यमिक तहमा न्यूनतम  सिकाइ पूर्वाधार | ० | १ | १ | १ | १ | १ | ५ | २ |
| **६.** | **स्थानीय तहको शिक्षामा लगानी** | | | | | | | | |
| ६.१ | स्थानीय तहको शिक्षामा लगानी | ४४.०९ | ४५ | ४६ | ४७ | ४८ | ४९ | ४९ | ५० |

## ७.४ कार्यक्रम नतिजा खाका (Program Result Framework-PRF)

तालिका ७.३ प्रमुख कार्य सम्पादन सूचकहरु

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष २०७७ | लक्ष्य | | | | | ०७८/७९ देखि ०८२/०८३ सम्म | ०८३/०८४ देखि ०८७/०८८ सम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | | | |
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | | |
| 1.1 | सहजै देखिने भर्नादर | प्रतिशत | ४६.३ | ५५ | ६५ | ७५ | ८५ | १०० | १०० | १०५ | |
| १.२ | ४ वर्ष उमेरका बालबालिकाको भर्ना | प्रतिशत | ४५.६ | ५३ | ६३ | ७५ | ८२ | ९० | ९० | १०० | |
| १.३ | कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हुने बालवालिका | प्रतिशत | ५५.५ | ६० | ७० | ७५ | ८० | ९० | ९० | १०० | |
| १.४ | प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका अनुसार मापदण्ड पूरा भएका केद्र | प्रतिशत | ० | ५ | ५ | ५ | ५ | ५ | २५ | ७५ | |
| १.५ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | प्रतिशत | १०० | - | - | - | - | - | १०० | १०० | |
| १.६ | बाल विकास केन्द्रमा पोषण कर्नर स्थापना | प्रतिशत | ० | १० | १० | १० | १० | १० | ५० | १०० | |
| १.७ | बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित ३० दिने तालिम | संख्या | ० | ५ | ५ | ४ | | | १४ | १४ | |
| १.८ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण | पटक | ० | ० | १ | ० | ० | ० | १ | २ | |
| १.९ | प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारे (सहायक कर्मचारी) को व्यवस्थापन | सख्या | ० | २ | ३ | ३ | ३ | ३ | १४ | १४ | |
| **२.** | **आधारभूत शिक्षा** | | | | | | | | | | |
| २.१ | कक्षा १ मा कूल भर्नादर | प्रतिशत | १२२.१ | १२१ | ११७ | ११३ | १०८ | १०६ | १०६ | १०० | |
| २.२ | कक्षा १ मा खुद भर्नादर | प्रतिशत | ९८.९ | ९८.९ | ९८.९ | ९८.९ | ९८.९ | ९९ | ९९ | ९९ | |
| २.३ | कक्षा १-५ मा कूल भर्नादर | प्रतिशत | ११०.३ | १०७.५ | १०७.४ | १०७.३ | १०७.२ | १०७.१ | १०७.१ | १०७ | |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | प्रतिशत | ९८.३ | ९८.२ | ९८.५ | ९८.८ | ९९ | १०० | १०० | १०० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.५ | कक्षा १-८ मा कूल भर्नादर | प्रतिशत | १०३.२ | १०३.५ | १०३.७ | १०३.९ | १०४ | १०५ | १०५ | ११० | |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | प्रतिशत | ९० | ९१ | ९३ | ९५ | ९७ | ९९ | ९९ | १०० | |
| २.७ | आधारभूत तहमा विद्यालय बाहिरका रहेका बालबालिकाहरु | प्रतिशत | ३.७ | ३.५ | ३.३ | ३ | २ | १ | १ | ० | |
| २.८ | आधारभूत तहमा लैङ्गिक समता सूचकाङ्क | प्रतिशत | १.१५ | ०.९३ | ०.९५ | ०.९७ | ०.९९ | १. | १. | १. | |
| २.९ | कक्षा १-५ मा कक्षा दोहोर्‍याउने दर | प्रतिशत | ३.६० | ३ | २.५ | २ | १ | ०.५० | ०.५० | ०.२५ | |
| २.१० | कक्षा १-५ मा कक्षा छाड्ने दर | प्रतिशत | २.३४ | २ | १.८ | १.६ | १.३ | १ | १ | ०.५ | |
| २.११ | आधारभूत तहको कक्षा ८ सम्म टिकाउ दर | प्रतिशत | ८६.२ | ९०.१ | ९२.३ | ९४.४ | ९६.५ | ९८.९ | ९८.९ | ९९.५ | |
| २.१२ | आधारभूत तह पूरा गर्ने दर | प्रतिशत | ८४.५ | ८६ | ९० | ९३ | ९५ | ९८.७ | ९८.७ | ९९ | |
| २.१३ | विषयगत रुपमा थप शिक्षक दरबन्दी | प्रतिशत | २० | १० | १० | १० | १० | १० | ७० | १०० | |
| २.१४ | आधारभूतहमा न्यूनतम  सिकाइ पूर्वाधार भएका विद्यालय | प्रतिशत | १० | ५ | ५ | ५ | ५ | ५ | ४० | ८० | |
| २.१५ | दिवा खाजा प्राप्त गर्ने विद्यार्थी कक्षा १-५ | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| २.१६ | प्रोत्साहन र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी कक्षा १-५ | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८४ | ९० | ९० | १०० | |
| २.१७ | पाठ्यपुस्तक उपलब्ध हुने विद्यार्थी | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| २.१८ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | संख्या | ० | ० | १२ | १२ | १२ | १२ | १२ | १२ | |
| २.१९ | सूचना तथा सञ्चार प्रविधि  प्रविधिको प्रयोगमा क्षमता विकास | प्रतिशत | १० | ५ | ५ | ५ | ५ | ५ | ३५ | ८० | |
| २.२० | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ३ | ४ | ५ | ७ | ९ | १० | ३८ | ८० | |
| २.२१ | घुम्ती पुस्तकालय सञ्चालन | संख्या | 0 | १ | १ | १ | १ | १ | ५ | १२ | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कूल भर्नादर | प्रतिशत | ८०.२ | ८५ | ९० | ९४ | १०० | १०५.९ | १०५.९ | १०९ | |
| ३.२ | कक्षा ९-१० मा खुद भर्नादर | प्रतिशत | ६७.३ | ७० | ७४ | ७७ | ८० | ८१.४ | ८१.४ | ९६.४ | |
| ३.३ | कक्षा ११-१२ मा कूल भर्नादर | प्रतिशत | ८२.४ | ५० | ५५ | ५० | ७० | ७७.३ | ७७.३ | ८५.८ | |
| ३.४ | कक्षा ११-१२ मा खुद भर्नादर | प्रतिशत | ५१.२ | ३० | ३५ | ३८ | ४० | ४०.१ | ४०.१ | ६२.२ | |
| ३.५ | कक्षा ९-१२ मा कूल भर्नादर | प्रतिशत | ८२.४ | ८४ | ८५ | ८७ | ८९ | ९१.६ | ९१.६ | ९७ | |
| ३.६ | कक्षा ९-१२ मा खुद भर्नादर | प्रतिशत | ५१.२ | ५२ | ५३ | ५४.५ | ५६ | ५८.१ | ५८.१ | ७२.१ | |
| ३.७ | माध्यमिक तहको कक्षा १० सम्म टिकाउ दर | प्रतिशत | ७९.५ | ८२ | ८५ | ८८ | ९३ | ९७.९ | ९७.९ | ९९ | |
| ३.८ | माध्यमिक तहको लैङ्गिक समता सूचक | प्रतिशत | ०.८७ | ०.९३ | ०.९५ | ०.९७ | ०.९९ | १. | १. | १. | |
| ३.९ | माध्यमिक तहमा न्यूनतम  सिकाइ पूर्वाधार भएका विद्यालय | प्रतिशत | १० | ५ | ५ | ५ | ५ | ५ | ३५ | ८० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.१ | विषयगत रुपमा थप शिक्षक दरबन्दी | प्रतिशत | १० | १० | ५ | ६ | ६ | ८ | ४५ | ९० | |
| ३.११ | प्राविधिक धारका बिद्यालय | संख्या | ० | १ | ० | ० | १ | ० | २ | २ | |
| ३.१२ | प्राविधिक धारका विषय क्षेत्र थप | संख्या | ० | ० | १ | ० | ० | १ | २ | २ | |
| ३.१३ | नमुना विद्यालय | संख्या | ० | ० | ० | ० | १ | ० | १ | १ | |
| ३.१४ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | प्रतिशत | १० | ६ | ६ | ७ | १० | ११ | ५० | ९० | |
| ३.१५ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | प्रतिशत | ० | १० | १० | १० | १० | १० | ५० | ८० | |
| ३.१६ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | १० | १० | १० | १० | १० | ५५ | १०० | |
| **४. पाठ्यक्रम र मूल्याङ्कन** | | | | | | | | | | | |
| ४.१ | स्थानीय पाठ्यक्रम परीक्षण कक्षा १-५ | विद्यालय | ० | ५ | ० | ० | ० | ० | ५ | | |
| ४.२ | स्थानीय पाठ्यक्रम कार्यान्वयन कक्षा १-५ | विद्यालय | ० | ० | १२ | - | - | - | १२ | १२ | |
| ४.३ | स्थानीय पाठ्यक्रम परीक्षण कक्षा ६-८ | विद्यालय | ० | ० | २ | ० | ० | ० | २ | | |
| ४.४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन कक्षा ६-८ | विद्यालय | ० | ० | ० | ४ | - | - | ४ | ४ | |
| ४.५ | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | संख्या | ० | ० | ० | १ | - | - | १ | १ | |
| ४.६ | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | संख्या | ० | ० | ० | १ | - | - | १ | १ | |
| ४.७ | कार्य सञ्चयिका फायलको प्रयोग | प्रतिशत | ५ | १० | १० | २० | २५ | २५ | ९५ | १०० | |
| ४.८ | स्थानीय पाठ्यक्रमलाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | संख्या | ० | ० | ० | १२ | ० | ० | १२ | १२ | |
| ४.९ | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | संख्या | ० | ० | ० | ० | १२ | ० | १२ | १२ | |
| ४.१ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | प्रतिशत | ३ | ५ | ७ | ९ | ११ | १५ | ५० | १०० | |
| ४.११ | मूल्याङ्कन प्रक्रिया तथा साधान विकास, परिक्षण र कार्यान्वयन | प्रतिशत | ५ | ५ | १० | १० | १५ | १५ | ६० | ९० | |
| ४.१२ | प्रविधिक धार तर्फको कार्यक्रमको प्रभावकारिताको अध्ययन | पटक | ० | १ | १ | १ | १ | १ | ५ | १० | |
| **५. शिक्षक व्यवस्थापन र विकास** | | | | | | | | | | | |
| ५.१ | स्वयंसेवक शिक्षक तयारी | प्रतिशत | २० | १० | १० | १० | १० | १० | ७० | १०० | |
| ५.२ | शिक्षक तयारी | प्रतिशत | २० | १० | १० | १० | १० | १० | ७० | १०० | |
| ५.३ | नव नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | ० | ० | १ | ० | ० | १ | २ | ४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.४ | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | प्रतिशत | ० | ० | १० | १५ | ० | ० | २५ | ५० | |
| ५.५ | क्षमता विकास तालिम | संख्या | ० | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ५.६ | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | ० | १ | ० | १ | ० | १ | ३ | ६ | |
| ५.७ | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | पटक | ० | १ | ० | ० | ० | १ | २ | ३ | |
| ५.८ | पेशागत शैक्षिक अवलोकन | संख्या | ० | १ | ० | १ | ० | १ | ३ | ५ | |
| ५.९ | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था | विद्यालय | ० | ० | १ | १ | १ | १ | ४ | ५ | |
| **६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | | | | | | | | | | | |
| ६.१ | ६+ वर्षको साक्षरता दर | प्रतिशत | ४०.७१ | ५३ | ६५ | ७३ | ८५ | ८८ | ९७.०१ | ९९ | |
| ६.२ | १५-४५ वर्षको साक्षरता दर | प्रतिशत | ९८.०८ | ९८.०८ | ९८.०८ | ९९.०१ | ९९.०३ | ९९.०५ | ९९.५ | ९९.८ | |
| ६.३ | १५+ वर्षको साक्षरता दर | प्रतिशत | ७२.८३ | ७४.०१ | ७६ | ७९.०२ | ८०.१ | ८५.०१ | ८५.०१ | ९१.०१ | |
| ६.४ | निरक्षरहरुको विवरण संकलन | | १ | ० | ० | ० | १ | ० | २ | ३ | |
| ६.५ | साक्षर विष्णु | पटक | ० | ० | ० | ० | १ | ० | १ | २ | |
| ६.६ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के को स्थापना र सञ्चालन | पटक | ० | ० | ० | १ | ० | ० | १ | २ | |
| ६.७ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसँग आवद्ध गर्ने | पटक | ० | ० | ० | १ | ० | ० | १ | २ | |
| ६.८ | सा.सि.के मा सूचना प्रविधिको विकास गर्ने | संख्या | ० | ० | ० | २ | ० | ० | २ | ५ | |
| ६.९ | साक्षरता कक्षा संञ्चालन | पटक | ० | १ | १ | २ | २ | १ | ७ | १० | |
| ६.१० | परिचालकको क्षमता विकास | पटक | ० | ० | १ | ० | ० | १ | २ | ३ | |
| **७. शैक्षिक समता र समावेशीकरण** | | | | | | | | | | | |
| ७.१ | विषेश विद्यालय संञ्चालन | संख्या | ० | ० | ० | १ | ० | ० | १ | १ | |
| ७.२ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | प्रतिशत | ० | ० | ० | १० | १० | १० | ३० | ५० | |
| ७.३ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | विद्यालय | ० | ० | १ | - | - | - | १ | २ | |
| ७.४ | लैङ्गिकमैत्री, अपाङ्ग मैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण | संख्या | ० | ० | १ | १ | २ | ४ | ८ | १२ | |
| **८. दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम** | | | | | | | | | | | |
| ८.१ | विद्यालय दिवा खाजा कर्यविधि २०७७, अद्यावधि र परिमार्जन | पटक | १ | ० | ० | ० | १ | ० | २ | ३ | |
| ८.२ | एक विद्यालय एक स्वास्थकर्मि | विद्यालय | १ | ० | ० | १ | १ | १ | ४ | ८ | |
| ८.३ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | ० | २ | २ | २ | २ | २ | १० | १२ | |
| ८.४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | विद्यालय | ० | ० | ० | १० | ० | ० | १० | १२ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८.५ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | प्रतिशत | ० | १० | १० | १० | १० | १० | ५० | ९० | |
| ८.६ | अभिभावक आमा समूह गठन र परिचालन | प्रतिशत | ५ | १० | १० | २० | ३० | १५ | ९० | १०० | |
| **९. छात्रवृत्ति** | | | | | | | | | | | |
| ९.१ | छात्रवृत्ति छनोट र वितरण कार्यविधि विकास | पटक | ० | ० | १ | ० | ० | ० | १ | २ | |
| ९.२ | छात्रवृत्ति र दिवा खाजा व्यवस्थापन समिति गठन | संख्या | १ | ० | १ | ० | १ | ० | ३ | ५ | |
| ९.३ | अनुगमन तथा मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | १ | ५ | १० | |
| **१०. परिस्थितिजन्य शिक्षा** | | | | | | | | | | | |
| १०.१ | मापदण्ड अनुसारको भौतिक पूर्वाधार | प्रतिशत | १ | २ | २ | ५ | १० | १० | ३० | ७० | |
| १०.२ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | ३० | २० | २० | २० | १० | - | १०० | १०० | |
| १०.३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | प्रतिशत | २० | २० | १० | १० | १० | १० | ८० | १०० | |
| **११. विद्यालय भौतिक पूर्वाधार विकास** | | | | | | | | | | | |
| ११.१ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | ० | ० | १ | १ | ० | ० | २ | ३ | |
| ११.२ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | ० | १ | ० | ० | १ | 0 | २ | ३ | |
| ११.३ | अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक संरचना | प्रतिशत | २ | ३ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ११.४ | शौचालय पानी र सरसफाइ | प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ | ९० | ९० | १०० | |
| **१२. सूचना प्रविधि** | | | | | | | | | | | |
| १२.१ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | प्रतिशत | २० | ५ | ५ | ५ | ५ | ५ | ४५ | ७० | |
| १२.२ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन , डिजिटल ल्याव स्थापना | पटक | ० | ० | १ | ० | ० | ० | १ | २ | |
| १२.३ | ई-पुस्तकालय अद्यावधिक र विस्तार | प्रतिशत | २० | ५ | ५ | ४ | ६ | ५ | ४५ | ६० | |
| १२.४ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको पहुँच | प्रतिशत | २० | ४ | ५ | ६ | ४ | ६ | ४५ | ७० | |
| १२.५ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | प्रतिशत | ० | ५ | १० | १५ | २० | ३० | ८० | १०० | |
| १२.६ | फ्रि वाई-फाई चौतारी | वडा | ० | १ | १ | १ | १ | १ | ५ | ९ | |

## अनुसूची ७ शैक्षिक गुणस्तर सुधार घोषणापत्र - २०७८ मा उल्लेख भएका १०८ बुँदाहरु

*"गुणस्तरीय सीपयुक्त शिक्षा, विष्णु गाउँपालिकाको अपेक्षा"*
सुखी विष्णुवासी र समृद्ध विष्णुको घोषणापत्र - २०७६
विष्णु गाउँपालिका
बिष्णु, सर्लाही

मिति २०७८ साल पौष महिनाको २५ गते देखि २७ गते सम्म शैक्षिक गुणस्तर सम्बन्धमा सरोकारवालहरु सँगको अन्तरक्रिया कार्यक्रमका सहभागीहरुबाट आएका सुझावहरुको आधारमा देहायका विभिन्न सरोकारवालाहरुको प्रतिवद्धता सहित जारी गरीएको शैक्षिक गुणस्तर सुधार घोषणा पत्र २०७८

**गाउँपालिकाको भूमिका तथा जिम्मेवारी**

१. नीति निर्माण गर्ने ।
२. स्रोत साधनको व्यवस्थापन गर्ने ।
३. अनुगमन, मूल्याङ्गन, निर्देशन, नियन्त्रण गर्ने ।
४. पुरस्कार तथा दण्डको कार्यान्वयन गर्ने ।
५. अपूग जनशक्तिको व्यवस्थापन गर्ने ।
६. आवश्यक्ता अनुसार इ.सी.डी., घुम्ती विद्यालय, स्कुल भ्यान तथा सामुदायिक आवासीय विद्यालयको संचालन गरी विद्यालय संख्या तथा शिक्षक दरबन्दी थप घट गर्ने ।
७. प्रधानाध्यापकसँग कार्य सम्पादन सम्झोता गर्न सूचक तयार गरी लागू गर्ने गराउने ।
८. शैक्षिक क्यालेण्डर निर्माण गरी लागू गर्ने ।
९. सरोकारवालाहरुसँग अर्धबार्षिक रुपमा समीक्षा गर्ने ।
१०. विपन्न तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्ति व्यवस्थापन गर्ने ।
११. गाउँपालिका क्षेत्र भित्रका सबै विद्यालयहरुमा थप विषयको पठनपाठनको लागि विद्यालयको- आन्तरिक श्रोतबाट शिक्षक राख्को लागि विद्यालयले लिन सक्ने शुल्कको निर्धारण गरीदिने ।
१२. इ-लर्निङ्को व्यवस्थापन गर्न आवश्यक पूर्वाधार तयारीको लागि समन्वय र सहयोग गर्ने ।
१३. ई-लाईब्रेरी तथा इ-लर्निङ्क कक्षा संञ्चालनको लागि १ जना सूचना प्रविधि (IT) घुम्ती शिक्षकको व्यवस्था गर्ने ।
१४. विद्यालयको शिक्षण सिकाई तथा व्यवस्थापन सूचना प्रविधि मेत्री बनाउन आवश्यक सहयोग गर्ने ।
१५. आवश्यकताको आधारमा शिक्षक कर्मचारीहरुको आवश्यक व्यवस्था गर्ने ।
१६. स्थानीय कल्ब तथा बाल कल्वहरुलाई प्रभावकारी बनाउने ।
१७. प्रधानाध्यापकलाई प्रोत्साहन भक्ता सहित कार्यसम्पादन सम्झौता गरी बिषेश जिम्मेवार तथा जवाफदेही बनाउने ।
१८. प्रत्येक वडामा अभिभावकसँग शैक्षिक गुणस्तर सम्बन्धमा अन्तरक्रिया गर्ने ।
१९. स्थानीय पाठ्यकम तर्जुमा गरी लागू गर्ने ।
२०. आवश्यकता अनुसार शैक्षिक परामर्श समिति गठन गर्ने ।
२१. अतिरिक्त समय काम गर्ने शिक्षक कर्मचारीहरुको लागि सट्टा बिदा वापत साझेदारीमा (उत्कृष्ट) शैक्षिक अवलोकन भ्रमणको व्यवस्था मिलाउने ।
२२. विद्यालयको भौतिक व्यवस्थापनमा आवश्यक सहयोग गर्ने ।
२३. शौक्षिक जनशक्ति व्यवस्थापनमा क्षमता विकास तालिम, गोष्ठी संचालन गर्ने ।
२४. फरक क्षमताका बालबालिका र विद्यार्थीको आवश्यक व्यवस्थापन गर्ने ।

२५. संस्थागत विद्यालयको उचित व्यवस्थापन गर्ने ।
२६. विद्यालयको जोनिङ्ग र नक्शाङ्कन स्वतन्त्र र वस्तुगत आधारमा गर्ने ।
२७. बिद्यालयमा नगर अन्तर्गत स्वयंसेवक परिचालनको नीति बनाउने ।
२८. गाउँपालिका स्तरीय एक सामुदायिक पुस्तकालय स्थापना गर्ने ।
२९. बालमैत्री पूर्वाधार फर्निचर, कक्षाकोठा, शौचालय, खेलमैदान, कम्पाउण्ड निर्माण गर्ने गराउने ।
३०. प्रत्येक तहका बिद्यालयहरुको बार्षिक नतिजा विश्लेषण कम्तिमा एक पटक गर्ने गराउने ।
३१. संघ, प्रदेश, स्थानीय सरकार र अन्य सरोकारवालासँग आवश्यक समन्वय गर्ने ।
३२. कानुनले निर्दिष्ट गरेका आवश्यक अन्य काम गर्ने ।

**राजनितिक दलको भूमिका तथा जिम्मेवारी**

१. विद्यालय शान्ति क्षेत्र कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने ।
२. शैक्षिक गुणस्तर सुधारमा जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्ने ।
३. नीति निर्माण तथा कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने ।
४. शिक्षाको पहुँच भन्दा बाहिर रहेका बाल बालिकाहरुलाई विद्यालय जाने वतावरण तयार गर्ने ।
५. अन्य आवश्यक सहयोग गर्ने ।

**शिक्षाप्रेमी, समाजसेवी र संघ संस्थाहरुको भूमिका तथा जिम्मेवारी**

१. सामाजिक भावना विकासको लागि चेतनामूलक तालिम गोष्ठी आदि कार्यक्रमको संचालन गर्ने ।
२. आर्थिक, भौतिक, सामाजिक सहयोग गर्ने ।
३. नीति निर्माण र कार्यान्वयनमा सहयोग गर्ने ।
४. बौद्धिक क्षमता तथा अनुभवलाई समेटी सम्बन्धित सरोकारवाला क्षेत्रमा पृष्ठपोषण दिने ।
५. शिक्षा क्षेत्रमा देखापर्ने विकृती विसंगतिहरुलाई पहिचान गरी सरोकारवाला समक्ष सूसुचित गर्ने ।
६. शिक्षाको पहुँच भन्दा बाहिर रहेका बाल बालिकाहरुलाई विद्यालय जाने वतावरण तयार गर्ने ।
७. अन्य आवश्यक सहयोग गर्ने।

**विद्यालय व्यवस्थापन समितिको भूमिका तथा जिम्मेवारी**

१. विद्यालयको अभिभावकत्व ग्रहण गर्ने ।
२. विद्यालयको नियमित अनुगमन गर्ने ।
३. नियमित मासिक बैठक गर्ने ।
४. शैक्षिक गुणस्तर सम्बन्धमा त्रैमाषिक अन्तर्रक्रिया तथा समीक्षा गर्ने ।
५. स्रोतसाधनको व्यवस्थापनमा आवश्यक पहल गर्ने ।
६. प्र.अ., शिक्षक , विद्यार्थी र अभिभावकको अन्तरसम्बन्ध स्थापनाको लागि सहयोग गर्ने ।
७. सरकार, जनप्रतिनिधि तथा अन्य सरोकारवाला कार्यालय संघ संस्थासँग समन्वय गर्ने ।
८. जनशक्ति व्यवस्थापन गर्ने ।
९. गुणस्तरीय शैक्षिक वातावरण निर्माणको लागि प्रमुख भूमिका निर्वाह गर्ने ।
१०. शैक्षिक योजना तर्जुमामा सहयोग गर्ने ।
११. समस्या पहिचान गरी समाधानको पहल गर्ने ।
१२. अक्षयकोषको स्थापनाको पहल गर्ने ।
१३. शैक्षिक गुणस्तरका लागि सहयोग जुटाउन आवश्यक पहल गर्ने ।
१४. ऐन तथा नियमावली (कानुन) मा तोकिएको कार्य गर्ने गराउने ।

१५. अन्य आवश्यक सहयोग गर्ने ।

**शिक्षक महासंघको भूमिका तथा जिम्मेवारी**

१. नीति निर्माण तथा कार्यान्वयनमा सहयोग गर्ने ।
२. गुणस्तरीय शिक्षाको लागि उदाहरणीय/अनुकरणीय योगदान गर्ने ।
३. सबै सरोकारवालाहरुबीच सेतुको काम गर्ने ।
४. शिक्षक, कर्मचारी तथा शैक्षिक समस्या समाधानका लागि सहयोग गर्ने ।
५. अन्य आवश्यक सहयोग गर्ने ।

**प्रधानाध्यापकको भूमिका तथा जिम्मेवारी**

१. कुशल नेतृत्व तथा व्यवस्थापकको भूमिका निर्वाह गर्ने ।
२. विद्यालयको शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने ।
३. आर्थिक योजना तर्जुमा, अनुशासन, पारदर्शीता कायम गर्ने गराउने ।
४. विद्यालयको भौतिक सम्पतिको अभिलेखीकरण गरी संरक्षण गर्ने गराउने ।
५. कार्यसम्पादन सम्झौता अनुरुपका शैक्षिक गुणस्तर सम्बन्धी कार्य गर्ने गराउने ।
६. शिक्षक, कर्मचारी र विद्यार्थीमा अनुशासन कायम गराउने तथा समन्वय गर्ने गराउने ।
७. विभिन्न सरोकारवालाहरुसँग समन्वय गर्ने ।
८. सम्बन्धित पदले गर्ने भनि विभिन्न ऐन कानुनमा उल्लेखित कार्य गर्ने गराउने ।
९. निक्षक तथा कर्मचारीहरुलाई पुरस्कार र दण्डको लागि मूल्याङ्घन गरी सिफारिस गर्ने ।
१०. विद्यालय हाता र कक्षाकोठामा अनावश्यक मोवाईल प्रयोगमा नियन्त्रण गर्ने गराउने ।
११. शुक्रवार अतिरिक्त क्रियाकलाप गर्ने अथवा पूर्ण कक्षा संचालन गर्ने ।
१२. मासिक रुपमा अनिवार्य स्टाफ बैठक बस्ने ।
१३. सबै विद्यार्थीलाई उपस्थिति, प्रगति विवरण, शुल्क र कार्य बिबरण पुस्तिकाको व्यवस्था गर्ने ।
१४. सबै आ,.वि. मा.वि .मा कराते , तेक्वानडो, उशु, लगायतका खेलहरु समावेश गर्ने ।
१५. शिक्षक, कर्मचारीहरुको कार्य विवरण (TOR) तयार गरी लागु गर्ने ।
१६. सहायक प्र.अ. तथा लेवल ईन्चार्जको ब्यवस्थापन गरी जिम्मेवारी प्रदान गर्ने ।
१७. ऐन तथा नियमावली (कानुन) मा तोकिएको कार्य गर्ने गराउने ।
१८. अन्य आवश्यक कार्य गर्ने ।

**शिक्षकको भूमिका तथा जिम्मेवारी**

१. पाठयोजना अनुसार विद्यार्थी केन्द्रित शिक्षण गर्ने ।
२. समयको पूर्ण पालना गर्ने ।
३. समयानुकूल प्रविधिको प्रयोग तथा शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गर्ने ।
४. पेशाप्रति सम्मान हुने गरी बफादार भई कार्य गर्ने ।
५. प्र.अ., आफ्नो विषय र जिम्मेवारी प्रति उत्तरदायी हुने ।
६. बहुप्रतिभा सहितको सृजनात्मकतालाई अधिकतम् प्रयोग गर्ने ।
७. आदर्श शिक्षकको भूमिका निर्वाह गर्ने ।
८. विद्यार्थी र अभिभावक बिचको सेतुको काम गर्ने ।

९. अनुशासन कायम गर्ने आवश्यक भूमिका निर्वाह गर्ने ।
१०. ऐन, नियमावली तथा कानुनमा तोकिएको कार्य गर्ने गराउने ।
११. अन्य आवश्यक कार्य गर्ने ।

**विद्यार्थीको भूमिका तथा जिम्मेवारी**

१. विद्यालयमा नियमित, समयमा र समयसम्म अनिवार्य उपस्थित हुने ।
२. प्रत्येक कक्षामा बसी कक्षाकार्य, परियोजनाकार्य र गृहकार्य अनिवार्य गर्ने ।
३. पोशाक र परिचय पत्र अनिवार्य लगाउने ।
४. अनुशासन र आचारसंहिता पालना गर्ने ।
५. अतिरिक्त क्रियाकलापमा अनिवार्य सहभागीता जनाउने ।
६. बाल कल्ब गठन गरी बालक देखि बालक सम्मको (Child to child) र बाल अधिकारका कार्यक्रम संचालन गर्ने ।

**अभिभावकको भूमिका तथा जिम्मेवारी**

१. बालवालिकाहरुलाई नियमित, समयमा र समयसम्म विद्यालय पठाउने गर्ने ।
२. आावश्यक शैक्षिक सामाग्रीको प्रवन्ध गर्ने ।
३. दिवा खाजाको व्यवस्था गर्ने ।
४. विद्यार्थीका लागि घरमा पढ्ने वातावरणको सृजना गर्ने ।
५. समय समयमा बिद्यालयामा गई शैक्षिक अवस्थाको प्र.अ. तथा विद्यालय शिक्षकसंग अन्तरकृया गर्ने ।
६. अभिभावक बैठक, भेला र गोष्ठीमा अनिवार्य सहभागीता जनाउने ।
७. बालवालिकालाई लागू पदार्थ, कूलत र दुर्व्यसनको निगरानी गर्ने ।
८. वालवालिकालाई मोवाईलको सहि सदुपयोग गर्न सचेत गराउने ।
९. विद्यालयको शैक्षिक भौतिक वातावरण निर्माणमा सहयोग पुर्याउने ।

# सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह ( कक्षा १-३ ) पाठ्यक्रम, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६), कानून कितावखाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून कितावखाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना (२०७७), **DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय